# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २० असार २०७९

# सोमवार

# बैठक सङ्ख्या—३२

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय अनिता देवकोटा । समय ६ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, गत शुक्रवार जमल हुँदै जाने बेला मेरो गाडीको टायरमा कालो झोल लतपतियो । अनि अलिकति पर पुगेर हेर्दा के रैछ भनेर बुझ्न खोज्दा सडकमा चाहिनेभन्दा बढी अलकत्रा त्यहाँ खन्याइएको रहेछ । अनि त्यो अलकत्रा अर्को दिन पग्लिएर सवारी साधन र त्यहाँ पैदल यात्रुहरूले सास्ती भोग्नुपरेको एउटा यो नमुना उदाहरण मात्रै हो । सम्माननीय अध्यक्षज्यू, अहिले सडक डिभिजन कार्यलयले ऋयाकशील बनाउने बहानामा, नाममा

गोलमटोल रूपमा अहिले बजेटहरू, असारे बजेटहरू खर्च गरिरहेको अवस्थामा छ । अहिले चालु वर्षको झन्डै अब आज १२ दिन बाँकी रहँदा विकासे अड्डाहरूमा खर्च गर्ने चटारो बढेर आएको छ ।

म सम्मानित सभाका माध्यमबाट चालु आर्थिक वर्ष पुँजीगत ३ खर्ब ८८ अरबमध्ये बजेट विनियोजन भएकोमा गएको हप्तामा मात्रै ८ अर्ब १६ बरोड बजेट खर्च भएको छ । यो बजेट फ्रिज हुने बहानामा यो योजनाहरूमा यो असारमा मात्रै खर्च गर्ने जुन परिपाटी छ यसले विकासको गतिलाई तीव्रता दिन सक्दैन । विकास दिगो हुन सक्दैन भन्ने मेरो बुझाइ छ । सम्मानित सभाका माध्यमबाट सम्माननीय अध्यक्षज्यूमार्फत हामीले यो विनियोजित बजेट खर्च गर्नेमा जुन फ्रिज हुने तरिकालाई अब निरूत्साहित गर्नको लागि नीतिगत रूपमा सुधार गर्नुपर्छ भनेर संविधानमै जेठ १५ मा बजेट ल्याउने व्यवस्था हामीले राख्यौं । जेठ १५ मा बजेट ल्याउने बेला आउने आर्थिक वर्षको बजेटलाई हामीले यो आर्थिक वर्षमै पारित गर्दा आर्थिक वर्षको सुरुवातमा नै आर्थिक बजेटको अख्तियारी पाउनेले फेरि अख्तियारी लिन नपाउने त्यो व्यवस्था हामीले संविधानमा गर्यौं । तर संविधानमा व्यवस्था त गर्यौं तर १ वर्षसम्म कामै नगर्ने जब असार आउँछ तब बजेटहरू फ्रिज हुन्छ भन्ने बहानामा बजेट खर्च गर्ने प्रविधिले हामी नीतिमा त परिवर्तन ल्यायौं नियतमा परिवर्तन ल्याउन सक्नौं । यो यसपटकको मात्र घटना होइन सम्माननीय अध्यक्षज्यू, वर्षौं वर्ष यस्तै घटनाहरू दोहोरिरहेका छन् । त्यसैले हामी संविधानमा बजेट बुजेट १५ मै ल्याउँदै गर्दा हामीले आर्थिक वर्ष सुरुवातदेखि नै काम गर्ने अख्तियारीहरू जसले अख्तियार त्यसले काम गर्न पाउँछ । त्यसैले त्यो अख्तियारी प्राप्त गर्दा समयमै काम गर्ने र बजेटलाई, विनियोजित बजेटलाई खर्च गर्ने भयो भने हामी हतार हतारमा बजेटका नाममा फ्रिज हुने बहानामा खर्च सक्ने जुन प्रवृत्ति छ, जुन अलकत्रा खन्याइने जुन प्रवृत्ति छ त्यो निरूत्साहित हुन्छ भन्ने मलाई लाग्छ । यतातर्फ सबैको ध्यान जानुपर्छ, सम्बन्धित निकायको ध्यान जानुपर्छ भन्ने मालई लागदछ ।

सम्मननीय अध्यक्षज्यू, अहिले खेती सुरु भइसकेको छ । जब धान, धान हाम्रो मुख्य बाली हो । धान रोप्ने बेला हामी युरिया, डीएपी मल यदि किसानलाई पुर्याउन सकेनौं भने धान बाली उत्पादकत्व घट्न जान्छ । हाम्रा निकायहरू साल्ट ट्रेडिङ र कृषि, खाद्य सामग्री केन्द्रहरू यो रासायनिक मल किन्ने कम्पनीका रूपमा अधिकार प्राप्त हुन् । अहिले उनीहरूसँग मौजदात मलहरू छैन । जसले गर्दा किसानहरू अब समयमा

मल प्राप्त गर्न नसकेर खेती उत्पादन हुन सक्दैन । कसरी खेती गर्ने हो भने अत्यन्त चिन्तित रहेको अवस्था छ ।

र सरकारले फागुन १६ मा G to G सम्झौता भारतसँग गरेर रासायनिक मल ल्याउने कुराहरू पनि सरकारबाट भयो । तर त्यो G to G जुन सम्झौता हो भारतसँग गरेको त्यो सम्झौतामार्फतबाट पनि मल आएको छैन । यसले गर्दा, मलको अभावले गर्दा किसानहरू अत्यन्त चिन्तित बनेका छन् । त्यसैले म सरकारसँग आग्रह गर्दछु कसरी हुन्छ अब हाम्रा नीति र ऐन, कानुनहरूलाई संशोधन गर्ने हो कि? यो जुन टेन्डरको प्रक्रियाहरू लामो छ भने त्यसलाई फास्ट ट्र्याकको माध्यमबाट पनि छोटो बनाएर कसरी सहज रूपमा समयमै मल आउँछ भन्ने कुरामा हाम्रो ध्यान जान जरुरी हुन्छ । अब अहिले हामी टेन्डर र आहवान गर्ने अनि धान काट्ने बेला मल उपलब्धता गराएर त्यो किसानलाई राहत हुन सक्दैन । त्यसैले समयमै मल उपलब्ध गराउनको लागि सरकारको ध्यान जान जरुरी छ । यो समस्या आजको मात्र होइन सम्माननीय अध्यक्षज्यू, हरेक वर्ष यो समस्या यो नियति किसानले सधैं भोग्नुपर्छ । त्यसैले यो नीति हटाउनको लागि सरकारले फास्ट ट्र्याकका माध्यमबाट अब छिटोभन्दा छिटो रासायनिक मल उपलब्धता गराउनेतर्फ सरकारले ध्यान जाओस् । सरकार अभिभावक हो भन्ने कुरा राख्दै आफ्नो भावना यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १२ मिनेट । यसपछि माननीय गोपी बहादुर सार्की आछामी ।

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आजको यो विशेष समयमा हामीले यसभन्दा पहिले पनि धेरैपटक कुरा उठा'को चैं छौं । चाहे सत्तापक्षका माननीयज्यूहरूले होस् या हामी प्रतिपक्ष बेन्चमा बस्ने माननीयज्यूहरूले । जनताका पक्षमा, राष्ट्रका पक्षमा आएका हरेक संवेदनशील विषयलाई, ती विषयलाई महत्त्वका साथ हामीले सरकारको ध्यानाकार्षण गराएका छौं । तर सरकार सदनबाट हामी सार्वभौम सदनबाट जनताको प्रतिनिधिको नाताले भनिरहन्छौं । सरकार सुन्छ तर सरकार कार्यान्वयन चैं गर्दैन । यो विडम्बनाको

बिचबाट हामी राष्ट्रिय सभाबाट यो गरिमामय सदनमा फेरि पनि तिनै विषयलाई उठाउन त्यही विषय र अरू केही विषयलाई म आजको यो विशेष समयमा राख्न चैं चाहन्छु ।

भरखरै माननीयज्यूले सत्तापक्षकै माननीयज्यूले मलको विषयमा, रासायनिक मलको विषयमा कुरा राख्नुभ'यो । हामी एकातिर नेपाललाई, नेपाललाई हामी कृषिमा आत्मनिर्भर बनाउने । कृषिलगायतका अरू फलफूल, तरकारीहरूमा हामी दोब्बर वृद्धि गर्ने र आयातलाई प्रतिस्थापन गर्ने त्यो पनि ३० पर्सेन्ट आउँदो आर्थिक वर्ष अबको १०, १२ दिनपछि आगामी अर्थिक वर्ष सुरु हुन्छ । त्यसमा हामी ३० पर्सेन्ट प्रतिस्थापन, आयातलाई प्रतिस्थापन गर्ने भनेर सरकारले आफ्नो कार्यक्रम नीतिमार्फत नै सार्वजनिक गरेको चैं छ । यसै सन्दर्भमा हामीले धान दिवस मानायौं । एकदिन सार्वजनिक बिदा दिएर धान दिवस मनायौं । उल्लासपूर्ण रूपमा हामीले धान रोपाइँ पनि गयौं । तर हामी देखिरहेका छौं त्यो धान फल्ने कुरा हामीले यहाँको माटोको चैं पोटेन्सियल थियो । त्यो पोटेन्सियल अथवा उपत्पादन शक्ति जो चैं थियो त्यो शक्तिमा ह्रास आ'को छ । त्यो रासायनिक मलबाहेक अरू कुनै पनि मलले काम गर्दैन भन्ने कुरा हामी सबैलाई थाहा चैं छ ।

सरकारका मन्त्री म सम्माननीय अध्यक्षज्यूमार्फत भन्न चाहन्छु । सरकारका मन्त्रीज्यू चाहे त्यो प्रतिनिधि सभा होस् चाहे राष्ट्रिय सभामा उभिएर भन्नुहुन्छ कि मल अब असारको पहिलो हप्तामा जति नेपाली किसानले प्राप्त गर्न चाहन्छन् त्यति नै मात्रामा हामी दिन्छौं भनेर प्रतिवद्धता व्यक्त गर्नुहुन्छ । आज असारको यो महिनाको तेस्रो साता लागिसक्यो अबको दुई दिनपछि चौथौ साता लाग्दैछ तर पनि मल चैं आ'को छैन । त्यो कस्तो खालको सम्झौता हो । छिमेकी मुलुक चीनमा विश्वमा सबैभन्दा बढी मात्रामा रासायनिक मल उपत्पादन गरिन्छ । चीन, नेपाललाई हर हिसाबले सहयोग गर्नको निम्ति तत्पर चैं छ । तर अहिलेको सरकार चीनसँग वार्ता, संवाद, छलफल र नेपालको यो मागलाई पूरा गर्नुको निम्ति पहल कदमी लिँदैन । मन्त्रीज्यू भारतमा जानु चैं हुन्छ । मित्रराष्ट्र भारतमा गएर G to G मार्फत अब मल नेपालमा प्रस्तत मात्रामा आउँछ र किसानले पर्याप्त मात्रामा मल पाउने कुरा गर्नुहुन्छ । तर अहिलेसम्म त्यो मल आ'को छैन । अब रोपाइँ भएको १५, २० दिनपछि त्यहाँ विभिन्न किसिमको रासायनिक मलहरू चाहे त्यो पोटासै होस्, चाहे त्यो डीपीए होस्, चाहे त्यो अर्को यो युरिया मल होस् त्यहाँ हाल्ने चैं हुन्छ । र त्यो मलको अभाममा ती हाम्रो देशको धान उत्पादनमा डबल वृद्धि कहिले हुन सक्दैन ।

नेपालमा यसै पनि करिब ६० हजार मेट्रिक टन धान हामीलाई चाहिन्छ तर नेपालमा ४८, ५० हजार मेट्रिक टनभन्दा बढी धान उत्पादन हुँदैन । किन भन्दाखेरि हाम्रो माटोको उर्वरा शक्ति ह्रास भ'को छ । रासायनिक मल समयमै नपा'को कारणले बिउहरू पनि समयमै नपा'को कारणले गर्दाखेरि हाम्रो यहाँको माटोमा उत्पादन हुने कुरा कम भ'को छ । यसतर्फ सरकार सोच्दै सोच्दैन । यसभित्रको खास कुरो के हो भन्दाखेरि यो कमिसनको खेल चैं हो । नेपालमा भन्ने कुरा सरकारले भन्ने गर्छ । म यो उच्चस्तरीय यो गठबन्धनका उच्चस्तरीय संयन्त्र भन्या कुराहरू म राख्न चाहन्छु । सामाजिक यो सोसियल मिडियामा त्यो आ'को कुराहरू छन् ।

नेपालमा भन्ने एउटा गरिन्छ, लेख्ने एउटा गरिन्छ, काम अर्कौ हुन्छ । वास्तवमा त्यो सत्य कुरो चैं छ त्यो । सोसियल मिडियाका हरेक पत्रिकाहरूमा त्यो आ'को छ । माननीयज्यूलगायत देशका सबै जनताहरूले हामी हेर्न चाह्यौं भने हर्न चैं सक्छौं । त्यसैले यो कमिसनको चक्रमा यो सरकार फसेको चैं छ । नेपालमा मधान उत्पादनको निम्ति मल, विउ समयमै ल्याएपछि त नेपाली जनताको त्यो उत्पादन वृद्धि हुन्छ र नेपाली जनता आफैंमा आत्मनिर्भर हुन्छ । त्यसप्रति विदेशबाट आउने चामल मित्रराष्ट्र होस् या बाहिर देशबाट आउने त्यस्ता खालका कृषि, पद्धार्थहरू, उपजहरू नेपालमा त्यसै पनि आयातमा प्रतिस्थापन हुन्छन् । तर नेपालमा त्यो गर्न चाहिँदैन किनभने यो त खाली घुम्नका निम्ति, त्यहाँ गएर कुन कुन भूमाफियाहरूसँग सङ्गत हुन्छ, अथवा त्यहाँका सरकारी पक्षहरूसँग सङ्गत हुन्छ । उहाँहरूको कमिसनको चक्करमा ती मन्त्रीज्यूहरू डुबेर आउने गर्नुहुन्छ यहाँ ढाटेर अनि सदनमा प्रस्तुत गर्नुहुन्छ कि नपालमा जति चाहियो त्यति मल चैं आउँछ अब तपाईंहरू ढुक्क हुनुस् ।

असारको पहिलो हप्ता भनेको मन्त्रीज्यू स्वयम्लाई था'छ कि छैन एकचोटि तपाईं म सम्माननीय अध्यक्षज्यूमार्फत भन्न चाहन्छु तपाईं एकपटक क्यालेन्डर हेर्नुस् । यसले गर्दाखेरि नेपाली जनतालाई हाम्रो यो गठबन्धन दलका जुन यो ५ दलीय गठबन्धन हुन्छ त्यसको उच्चस्तरीय समितिका संयोजनले भनेझैं नेपालमा लेख्ने एउटा गरिन्छ, भन्ने एउटा गरिन्छ, व्यवहारमा अर्कै हुन्छ भन्ने कुरा सिद्ध भ'को छ । त्यसकारणले भन्न चाहन्छु यो सरकार जति दिन टिक्छ, जति दिन रहन्छ देश र जनताप्रति बफदार ऊ हुँदैन । जति दिन रहन्छ देशलाई कङ्गाल बनाउँछ । देशलाई बर्बादीको खाडलबाहेक अर्को लिँदैन भन्ने कुरो यी घट्ना क्रमले प्रस्ट पारेका छन् ।

म यसैसँग अर्को विषय राख्न चाहन्छु । हामीले यही सदनबाट भनेका थियौं कि बजेट निर्माण जस्तो महत्त्वपूर्ण कुरा त्यो संवेदनशील विषयमाथि यही बजेट निर्माणसँगै त्यसको अगिल्लो दिन १४ गते, ज्येष्ठ १४ गते एउटा नागरिकलाई त्यहाँ सिंहदरबारको त्यो बजेट महाशाखामा प्रवेश गराइन्छ अनधिकृत व्यक्तिलाई, म ती व्यक्तिको नाम लिन चाहन्नँ । हामी सबैले बुझिसक्या छौं । र त्यो कुरा सामाजिक सञ्जाललगायतका मिडियाहरूमा आइसकेपछि ध्यानाकार्षण देशभरिको हुन्छ । प्रतिनिधि सभा, राष्ट्रिय सभामा ती कुराहरू उठ्ने गर्छन् । हामीले के भनेका थियौं भन्दाखेरि यदि त्यो कुरा के हो त? करका राजस्वका दरमा ती बाहिरको व्यक्तिलाई लिएर आएर कुनै उद्योगपतिलाई त्यहाँ उद्योगपतिको प्रतिनिधालाई त्यहाँ लिएर आएर राजस्वका दलमा हेरफेर गरिन्छ भनेपछि त्यो देशप्रतिको घात कुरा हो । देशप्रतिको गद्दार कुरा हो । वास्तवमा अरू देशमा हुन्थ्यो भने मैले अस्ति पनि भनेको छु, बारम्बार भन्ने गर्छु यदि यही कुरा अरू विकसित मुलुकमा हुन्थ्यो भनेपछि आज मन्त्रीज्यूको राजीनामा त के कानुको कठघरामा उभिएर जवाफ दिनुपर्ने अवस्था हुन्थ्यो ।

तर उपभोक्ता संरक्षण मन्चका एक जना चैं पात्रले एकजना चैं कर्मचारी या त्यो समितिका सदस्यले सूचनाको हक प्राप्त गर्नका निम्ति उहाँले के भन्नुभ'को थियो भन्दाखेरि सदनमा कुरा उठिसकेपछि पनि त्यसभन्दा पहिल्यै उहाँले भन्नुभ'को थियो कि त्यो दिनको, १४ गतेको फुटेज, सीसी क्यामेराको फुटेज मलाई दिइयोस् भनेर निवेदन दिनुभ'को थियो तर त्यसमा छानबिन गर्ने क्रममा ती वास्तवमा चाहे त्यो सदनमा कुरा उठोस्, चाहे त्यो प्रतिनिधि सभामा कुरा उठेको छ वर्तमान सरकारका मन्त्रीले त्यसमा साहस चैं गर्नुभएन कि त्यो असत्य हो । चाहे त्यो दुवै सदनमा कुरा उठे पनि वास्तमा त्यो असत्य हो र म सत्य छु भनेर उहाँहरूले फुटेजलाई सार्वजनिक गर्न हिम्मत गर्नुभएन । त्यसपछि हामीले के भन्यौं भन्दाखेरि यस्तो अर्थमन्त्रीको कुनै पनि प्रस्तुतिमाथि हामी नेकपा एमालेका कुनै पनि सांसद चाहे त्यो प्रतिनिधि सभाको होस् या राष्ट्रिय सभाको होस् हामी सहभाग हुन्नौं भनेर पटक पटक हामीले सदन बहिस्कार गरेर बाहिर गएको स्थिति छ । त अहिले सन्दर्भमा के आ'को छ भन्दाखेरि त्यो सीसीटीभीको, सीसी क्यामेराभित्रको त्यो फुटेजलाई सञ्चालन गर्नका निम्ति एउटा कार्यविधि बनेको छ । त्यो कार्यविधिले के भन्छ भन्दाखेरि यस्ता विषयहरूमा ती प्रश्नहरू उठिसकेपछि त्यसको छानबिन नहुँदासम्म ३ महिनासम्म त्यो फुटेजलाई डिलिट गर्न पाइन्न भन्ने कुरा त्यही कार्यविधिमा उल्लेख भ'को छ ।

तर अस्ति भरखरै आइतवार मात्रै, हिजो भरखरै आइतवार मात्रै त्यो अर्थमन्त्रालयमा एकजना त्यहाँको त्यो योजना महाशाखाको योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाको एकजना अधिकृत प्रतिनिधिले के कुरा भन्नुभो' भन्दाखेरि त्यो फुटेजको माग गर्ने उपभोक्ता संरक्षण मन्चको कर्मचारी या पदाधिकारीलाई के भन्नुभो' भन्दाखेरि यो माथिको आदेश भएअनुसार १३ दिनपछि स्वतः यो डिलिट चैं हुन्छ । त्यो डिलिट भएको कारणले गर्दाखेरि त्यही खालको जानकारी गराउनु भन्ने आदेश भएकोले म आदेशअनुसार तपाईंलाई जानकारी गराउँछु भनेर यस्तो खालको गैरजिम्मेवार कुराहरू त्यो लाज मर्दो कुराहरू हो यो ।

म सम्माननीय अध्यक्षज्यूमार्फत भन्न चाहन्छु यस्तो कुरो अर्थमन्त्रालयले किन गर्न पुग्यो? यो अर्थमन्त्रीको सल्लाहबिना, अर्थमन्त्रीको निर्देशनबिना, अर्थमन्त्रीको साठगाँठबिना यो सीसी क्यामेराभित्रको फुटेज जुन खालको रेकर्ड भ'को थियो त्यो रेकर्ड आज कसैले पनि हेर्न नपाउने भ'को छ । एकातिर कार्यविधिले ३ महिनासम्म राख्न पाउने भन्ने कुरा व्यवस्था गरेको छ । अर्कोतिर अर्थमन्त्रीको निर्देशनमा ती त्यहाँ म फुटेज सीसी क्यामेराभित्र कैद गरिएको जुन दृश्य चैं हो त्यो दृश्यलाई हटाउने काम गरिन्छ र भनिन्छ के भन्दाखेरि १३ दिनपछि स्वतः त्यो डिलिट हुन्छ भनेर । यो चैं देशलाई दिउँसै ढाँट्ने कुराहरू आज अर्थमन्त्रालयभित्रका कर्मचारी हुन् वा अर्थमन्त्रालयभित्रका अर्थमन्त्री हुन् । यस्तो कुरा किन भ'को छ? वास्तवमा मैले जे गरें पनि हुन्छ ।

यो गठबन्धन सरकार हिजो बनाउँदाखेरि कसरी बनाइयो? यो गठबन्धन सरकार, यो पुतली सरकार कसको निर्देशनमा, कसको आदेशमा चल्छ यो? जनताप्रति जवाफदेही हुनुपर्छ कि पर्दैन? राष्ट्रप्रति जवाफदेही हुनुपर्छ कि पर्दैन? यसलाई कुनै मतलब छैन । यसलाई एउटै मात्र मतलब छ देशलाई कसरी ब्रह्मलुट बनाउने, देशलाई कसरी बर्बाद बनाउने, देशलाई कसरी श्रीलङ्काको ठाँउमा लैजाने भन्ने कुरो आज निकै खालका डिजाइनहरू भ'का कुराहरू हामी समाजिक सञ्जालमा सुन्नुपरिरहेको छ ।

र अरू अलि हामीभन्दा राम्रो, बिग डिसिजन गर्ने चाहे राजनीतिक विश्लेषक हुन्, चाहे राजनीतिज्ञहरू हुन् सबैलाई ती कुराहरू सुन्दा वास्तवमा हामी संघीय लोकतान्त्रिक, गणतन्त्रिक व्यवस्थामा छौं भने पनि आज लोकतन्त्र भनेको पारदर्शी व्यवस्था हो । ट्रयान्स्पेरेन्सी भन्छौं त्यसलाई हामी पारदर्शी व्ययस्था चैं हो । लोकतन्त्रमा जनताले

कुराहरू उठाँउछन् । लोकतन्त्रमा जनताको प्रतिनिधिहरूले आफ्ना सदनमार्फत कुरा उठाँउछन् । सडकबाट कुराहरू उठ्छन् । ती सबै कुराको जवाफ सरकारमा रहेको ..... पर्छ । त्यसैसँग जोडिएका हामी प्रतिपक्ष सांसदहरू अथवा सदनमा आएको नाताले हामीलाई ती कुराको जवाफ दिनुपर्छ । यसरी सत्तापक्ष, प्रतिपक्ष सबै सहकार्य गरेर यो लोकतन्त्रको संस्थागत विकास हुन सक्छ भन्ने कुरामा हामी सबैमा विश्वास छ । तर आज यो सत्तापक्ष यो लोकतन्त्रलाई संस्थागत विकास गर्नको निम्ति अर्कै बाटोबाट ऊ ग'को छ भन्ने कुरो दिनदिनै गरेका कामले पुष्टि भ'का देखिन्छन् । अब यसलाई के भन्ने हामी यसले गर्दाखेरि यो सरकारको जति सके छिटो बैरगमनको आवश्यक छ ।

अब निर्वाचनद्वारा म यहीँ सदनबाट भन्न चाहन्छु । आम जनताले, आम नागरिकले चाहे देशमा हुन्, चाहे विदेशमा बस्ने सबैले सुनुन् वास्तवमा नेपालको अवस्था भनेको यति उर्वरा शक्ति भएको, यति राम्रो भूगोल भएको, यति राम्रो जनताका समर्थन र सहयोग पा'को देशलाई आज यी ५ दलीय गठबन्धनमा रहेका सबै दलहरू तपाईंहरू भन्नुभा'को एउटा खालको तर गठबन्धन जबसम्म यो टुट्दैन तबसम्म गठबन्धले यो देशलाई बर्बादीको खाडलमा लिने त्यो खालको वर्कआउट भ'को, त्यो खालको होम वर्क भ'को त्यो योजनागत ढङ्गले अगाडि बढेको कुराहरू म राख्न चाहन्छु ।

अर्को सरकारले सम्माननीय अध्यक्ष, मैले १ मिनेट अरू म बढाउन चाहन्छु । अर्को के भन्दाखेरि बजेटको, बजेटको सन्दर्भमा म भन्न चाहन्छु कि अगिल्लो सरकारले ल्याएको बजेटलाई प्रतिस्थापन गरेर यो अहिलको क्रान्तिकारी भन्ने सरकारले यो एउटा चालुतर्फमा जान चाहन पुँजीगततर्फ करिब ३ खरब ८८ अर्ब ९ करोड ७० लाख विनियोजन गरेको थियो । त्यसमध्येमा अहिलेसम्म ११ महिना, आजको दिनसम्म केवल ४० पर्सेन्ट, ४०.७२ पर्सेन्ट मात्र खर्च भ'को छ । त्यसको हुन आउने रकम भनेको १ खर्ब ५३ अर्ब ९७ करोड ५४ लाख मात्रै हुन आउँछ । यो हिसाबले भन्दाखेरि ४० पर्सेन्टभन्दा बढी खर्च भएको छैन । हामीले अस्ति भरखरै शुक्रवार १७ गतेको दिनमा ती करिब १२ अर्ब रुपैयाँ एकै दिनमा चेक भुक्तानी गरेर दिइयो भन्ने कुरा सुनियो । अगि माननीयज्यूले भनी सक्नुभ'को छ हाम्रा देशका विकासहरू असारे बजेटको रूपमा ती यस ढङ्गले विनियोजन हुने, यस ढङ्गले खर्च गरेर फेरि अन्ततः के हो भन्दाखेरि कुनै कामै नगरेर फेरि इन्जिनियरसँग मिल्ने, लेखापालसँग मिलेर फेरि अपचलन गर्ने खालका जुन उद्देश्य बोकेर आएको यो सरकार छ । यो बेला फेरि पनि यस्तो अवस्थामा यो सरकार के भन्छ भन्दाखेरि Covid-19 ले थला परेको बजेट अब चैं लयमा आ'को छ । यो

वर्षमा, चालु वर्षमा हामी करिब ५.८४ पर्सेन्ट आर्थिक वृद्धिदर गर्छौं भनेर सरकारले भनेको छ । यो हावादारी कुराहरू एकातिर प्रत्येक महिनामा १० पर्सेन्ट विनियोजको बजेटको पुँजीगततर्फको विनियोजन भएको बजेटको १० पर्सेन्ट हरेक महिनामा खर्च गर्छौं भन्ने आज हवादारी साबित भएको छ । र अहिले साउनमा आइपुग्दा यो असारको अब १२ दिन मात्रै बाँकी रहेका छन् । यो १२ दिनमा कसरी खर्च गर्छ । (**सम्माननीय अध्यक्षः**-माननीय समय सकिएको छ ।) यसले गर्दाखेरि मैले टुङ्ग्याए सम्माननीय अध्यक्षज्यू । यो १६ अरब रूपैयाँ, १६ अरब रुपैयाँ प्रत्येक दिन खर्च भो' भने पनि हाम्रो .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय गोपी बहादुर सार्की आछामी । समय १० मिनेट । यसपछि माननीय उदय बहादुर बोहरा ।

**माननीय गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, यहाँ विषय राख्ने क्रममा माननीयजीले यो सरकारको बारे धेरै चिन्ता गर्नुभो' । म के आग्रह गर्न चाहन्छु भने यो सरकार चैं लोकतन्त्र, संविधान र राष्ट्रको स्वाधिनताको लागि प्रतिगमनको विरुद्ध लडेर एउटा मान्यताका साथ स्थापित भएको कारणले गर्दाखेरि यो सरकारको चैं माननीयजीले धेरै चिन्ता नगर्ने हो कि भन्ने निवेदन गर्न चाहन्छु ।

मैले राख्ने एक दुइटा विषयहरू छन् । विशेष गरेर मैले अस्ति विनियोजन शीर्षकमा छलफल गर्ने क्रममा विषय उठाएको पनि थिएँ । यो विराटनगर विमानस्थलको बारेमा यो चैं क्षेत्रीय प्रादेशिकस्तरको चैं विमानस्थल बनाउने भनेर २०७७ साल कात्तिक २७ गते नेपाल सरकारले निर्णय गरेको थियो । त्यसको प्रयोजनको लागि १२६ बिघा जमिन अधिग्रहण गर्नुपर्ने आवश्यकता थियो । र त्यो आवश्यकता पूरा गर्नको लागि स्थानीय सरकारले त्यो चैं विराटनगर महानगरपालिका पर्छ । विराटनगर महानगरपालिकाले १० प्रतिशत लगानी गर्ने, प्रदेश सरकारले ४० प्रतिशत लगानी र केन्द्रीय सरकारले ५० प्रतिशत लगानी गर्ने । त्यसको कुल बजेट भनेको चैं १६ अरब, १६ अरब बजेट विनियोजन गर्न पर्ने त्यो चैं तीनै तहको सरकारले विगत वर्षदेखि नै त्यो बजेटको व्यवस्था नगरेको कारणले गर्दाखेरि त्यो जमिन अधिग्रहण गर्न

सकिएको छैन । करिब करिब १२ सय ६७ किता जमिन अहिले रोक्का गरिएर राखिएको छ दुई सालदेखि यता । त्यहाँ ३ सय, साढे ३ सय घर परिवारले चैं त्यो जमिनको कुनै हिसाबले बैङ्किङ कारोबार, बेचविखनलगायतका कामहरू गर्न नपाएर पीडित भइराखेको स्थिति छ । र त्यहाँ अस्ति बजेटकै सेरोफेरोमा बजेट भाषणकै सेरोफेरोमा त्यहाँका पीडित समुदायले आन्दोलन पनि गरिराखुभएको थियो ।

त्यहाँको चैं मुआब्जा व्यवस्थापन मुआब्जा निर्धारण समितिले बैठक बसेर २५ गते, यही ज्येष्ठको २५ गते बैठक बसेर नेपाल सरकारको नागरिक उड्डयन प्राधिकरणमार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई कि बजेट व्यवस्था गर कि चैं त्यो रोक्का गरिएको जमिन फुक्का गर भनेर पठाइएको छ । र नेपाल सरकारको नागरिक उड्डयन मन्त्रालय र त्यो प्राधिकरणको ध्यान जाओस् । त्यो जग्गा बजेट व्यवस्था गर्न मलाई लाग्छ त्यो बजेट व्यवस्था गरिएको छैन । जम्मा प्रशासनिक खर्च भनेर २० लाख रुपयाँ मात्रै छुट्याइएको रहेछ त्यो १६ अरब बजेटमा २० लाखले चैं छुट्याएर त्यो समस्यको समाधान हुने कुरा पनि भएन । छिटै नै यो जग्गा रोक्का गरिएको चैं फुक्का गरियोस् भन्ने म सम्मानित अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकार्षण गर्न चाहन्छु र निवेदन गर्न चाहन्छु । यो मेरो पहिलो कुरा हो ।

दोस्रो कुरा चैं मोरङ जिल्लामा अस्ति १३ गतेदेखि १५ गतेसम्म भीषण वर्षा र बाढीको कारणले गर्दाखेरि उर्लाबारी नगरपालिकाको ८ नम्बर, ९ नम्बर र १० नम्बर वडामा भएका खेतीयोग्य जमिन र बस्तीहरू, त्यसपछि रातुवामाई नगरपालिकामा भएको ८ नम्बर र ९ नम्बरको वडाका त्यहाँ बस्तीहरू र खेतीयोग्य जमिन क्षति गरिएको छ । विशेष गरेर त्यहाँ कोशी बक्राहा परियोजनाले त्यहाँ हेरिराखे'को छ । चारओटा नदी बक्राहा, चिसाङ, लोहन्द्रा र डास खोलालाई कोशी बक्राहा परियोजनाअन्तर्गत त्यहाँ हेरिने गरिएको छ । तर बजेट कति छुट्याएको छ भन्दा गतसालको भन्दा २ करोड घटाएर १४ करोड मात्रै बजेट विनियोजन गरिएको छ । मैले के भन्ने गर्छु भने मन्दिरहरूमा साना साना टुक्रा योजनाहरूमा अनावश्यक ठाँउहरूमा र सफ्टवेयर प्रोग्राममा बजेट छुट्याइएको र यो दिगो विकास लक्ष्य हासिल गर्ने हाम्रो जुन हाम्रो उद्देश्य भनिएको छ नीति तथा कार्यक्रममा त्यसको विपरीत जस्तो मैले महसुस गरिराखेको छु र त्यहाँ ३ ओटा खोलाको मात्रै बजेट इस्टिमेट डीपीआर हेर्दाखेरि चैं १२ अरबको छ । १२ अरबको डीपीआर गरिएको ठाँउमा अझ बजेट घटाएर १४ करोड छुट्याएको छ भनेपछि

त्यसले काम हुन्छ कि काम हुँदैन? यो काम हुन्छ जस्तो मलाई लागिरहेको छैन । यसमा नेपाल सरकारको ध्यान जान जरुरी हुन्छ भन्ने म यो विषय राख्न चाहन्छु ।

अर्को कुरा, यो नदी कटानसँग जोडिएको विषय भनिएको चैं यो अनावश्यक र अवैधानिक ढङ्गले उत्खनन् गरिएको क्रसर उद्योगहरू छन् । त्यहाँ अनावश्यक गिटी, बालुवाहरू निकालिएको छ । केही सीमित मान्छेहरू, मुठ्ठिभर मान्छेहरू चैं धनी हुने र फेरि खेतीयोग्य जमिन र घरहरूको नोक्सान हुने जस्तो जुन स्थिति भ'को छ यसको लागि हामीलाई नदीसम्बन्धी ऐनको आवश्यकता छ । नदी ऐनको व्यवस्था गरेर यसलाई नियन्त्रण गर्ने हिसाबले जान जरुरी हुन्छ भन्ने मलाई लाग्दछ ।

अर्को कुरा चैं के रहेछ भने यो आपत्कालीन नियन्त्रणमा बजेट शून्य गरिएको रहेछ । यो विगत २, ३ सालकै बजेटदेखि यो सालको बजेटमा पनि शून्य गरिएको छ र त्यहाँ बजेट व्यवस्था गरिनुपर्छ । यो आपत्कालीन कोषमा, नदी नियन्त्रण कोषमा बजेट नहुनु भनेको यो असाध्यै दुःखद् कुरा हो । सामान्य बोराहरू, सामान्य डोरीहरू, सामान्य बाँसका भाटाहरू लगेर त्यो आपत् परेको बेला बाँड्ने, छर्ने र त्यसपछि चैं झुमकस्नी भन्दो रहेछ । त्यसो गरेर समस्या हल गर्न खोजिएको छ । यसरी हुँदैन र यसलाई अलिकति दीर्घकालीन र दिगो हिसाबले लान जरुरी हुन्छ भन्ने विषय म राख्न चाहन्छु ।

अर्को कुरा विराटनगर र जोगमनीसँग जोडिएको रेल मार्ग त्यो १६ किलोमिटर छ । अहिले चैं २ किलोमिटरजति, करिब करिब २ किलोमिटरजतिमा ६ विघा जमिनको क्षतिपूर्ति, मुआब्जाको विषयमा कम्प्लेन, २१ घर परिवारले कम्प्लेन गरेको रहेछ अदालतमा । त्यो अदालतमा विचाराधीन छ । पेसी सरेको सरै गर्ने तर त्यो आयोजनाले चैं क्षतिपूर्ति दिन्छु, म मुआब्जा दिन्छु भनिराख्या छ । यो अदालतमा विचारधीन विषय र सम्बन्धित मन्त्रालय र विभागको ध्यान जान जरुरी छ र त्यो काम पनि छिट्टै सम्पन्न गर्नको निम्ति पहलकदमी नेपाल सरकारको तर्फबाट सम्बन्धित मन्त्रालयले लियोस् भन्ने म निवेदन गर्न चाहन्छु ।

अर्को हुलाकी मार्ग चैं विराटनगर-रङ्गेली हुँदै रतुवामाई यो विराटनगरको मोरङको एउटा खण्ड त्यसपछि पश्चिम लागिकसकेपछि सुनसरीसँग जोडिएको खण्ड छ । त्यहाँ पनि केही समस्याहरू छन् । बजेटहरू पर्याप्त छैन, आयोजनाको विशेष ध्यान गएको छैन र निर्माण कम्पनीले चैं काममा ढिलासुस्ती गरेको कारणले गर्दाखेरि त्यहाँका

बासिन्दाहरूलाई अप्ठ्यारो परिराखेको छ । र अहिले विशेष गरेर चिसाङ खोलाले रङ्गेलीको वडा नम्बर ३ र ४ जोड्ने खण्डको कलभर्ट भत्काएको छ, पुल भत्काएको छ र त्यहाँको आवागमन अहिले बन्द जस्तो भइराखेको छ । र अब बर्खाभरि त मोरङ जिल्ला भनेको हेर्दाखेरि मैदानी भाग छ, समथल पनि छ, त्यहाँ खेतीयोग्य जमिनहरू पनि छ, घना बस्तीहरू पनि छ, जनघनत्वको हिसाबले अत्याधिक पनि छ तर फेरि अब बर्खा लागिसकेपछि सारै असुरक्षित हुने जो स्थिति छ त्यो स्थितिलाई नियन्त्रणमा लिनको लागि पनि सम्बन्धित निकायको ध्यान जाओस् भन्ने म निवेदन गर्न चाहन्छु ।

अहिले मतदाता नामावली सङ्कलनको काम पनि भइराखेको छ, निर्वाचन कार्यालयले । तर मोरङको सन्दर्भमा आउँदाखेरि त्यहाँ १० लाख जना सङ्ख्या भ'को र नयाँ मतदाताहरू पनि असाध्यै बढेको । स्थानीय तहको चुनावभन्दा अगाडि पनि धेरै मतदातहरू छुटेको । अहिले पनि धेरै मतदाताहरू भिड लागिराखेको स्थिति, नामावली सुचीकरणको लागि भिड लागिराखेको स्थिति छ । जम्माः उर्लाबारी, रङ्गेली र विराटनगर तीनओटा सेन्टर बनाएर काम सुचारु गरिएको छ । म निर्वाचन कार्यालयको नेपाल सरकार र निर्वाचन कार्यालयको ध्यान आकार्षण गर्नको निम्ति म के निवेदन चाहन्छु भने त्यहाँ १७ ओटा स्थानीय तहहरू छन् । स्थानीय तहस्तरमै चैं मतदाता सूची सङ्कलनको केन्द्रहरू बनाइयोस् । यो एउटा अभियान चलाइयोस् भन्ने विषय पनि म राख्न चाहन्छु ।

अर्को चैं निजामती ऐनको आउन ढिलासुस्ती भ'को कारणले गर्दाखेरि के भइराख्या छ भने स्थानीय तहमा, प्रादेशिक तहमा कर्मचारी व्यवस्थापनका कामहरू, कर्मचारी भर्तीका कामहरू रोकिराखेको छ । त्यसकारणले गर्दाखेरि त्यो चैं छिटो आओस् । नेपाल सरकारको म फेरि यसतर्फ पनि ध्यान आकर्षण गर्न चाहन्छु ।

अर्को मेरो एउटा विषय छ । १ मिनेट समय अलिकति थप्न म सम्माननीय अध्यक्षज्यूलाई आग्रह गर्दछु । मेरो कुरा के छ भने यो सडक पेटीमा मकै बेचेर बसिराखेको एउटा सामान्य मजदुरी गरेर खाने मान्छेको गाडा खोसिएको छ, मकै खोसिएको छ र उसले काम गर्ने स्थिति बनेको छैन । मलाई यसो फर्केर आउँदाखेरि म ३० वर्ष अगाडि २०५० सालतिर काठमाडौं बस्दाखेरि मैले के गर्थें भने बदाम बेच्ने काम गर्थें । त्यसपछि उखु बेच्ने काम गर्थें, सुन्तला बेच्ने काम गर्थें र फुटपाथमा कपडा बेच्ने काम गर्थें म । त्यो नगरपालिकाले खेदेको खेदै गर्ने कहिले खोसेर लागि पनि हाल्थ्यो । खोसेर लग्या बेला त हामी रित्तै जस्तो स्थिति हुन्थ्यो । आज ३०

वर्षपछि आउँदाखेरि पनि त्यो क्रम चलिराखेको छ । मैले यसो बिहान परिकल्पना गरेँ । कम्निष्टहरूकै मात्रै पनि गणतन्त्र आइसकेपछि ७ ओटा, ७ चोटि सरकार भयो । ५ जना प्रधानमन्त्री भइसक्नुभो' । नेपाली काँग्रेस लोकतन्त्रको निम्ति लडेको र बीपी कोइरालाले भनेको चैं किसानलाई एउटा घर हुनुपर्छ, एउटा गाई हुनुपर्छ दुहुना, त्यसपछि ५ बिघा जमिन हुनुपर्छ भनेर भनेको कुरा र काठमाडौंको सहरमा चैं फुटपाथमा व्यापार गरिराखेका मान्छेहरूलाई यहाँको नगरपालिकाका नगरप्रहरीले खेदिराखेको कुरा हेर्दाखेरि यो ३० वर्ष अगाडिको मलाई याद आयो । त्यो एउटा पीडा जस्तो पनि भयो । त्यसकारणले गर्दाखेरि ती सडकमा व्यापार (**सम्माननीय अध्यक्षः** माननीय थपिएको समय पनि सकिएको छ ।) गरेर जिविका चलाइराखेका ती नागरिकहरूको पनि व्यवस्थापनमा नेपाल सरकारले ध्यान दियोस् भन्ने निवेदन गर्दै मेरो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त अभिवादन । नमस्ते ।

**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय उदय बहादुर बोहरा । समय १२ मिनेट । यसपछि माननीय शेखर कुमार सिंह ।

**<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः-** सम्माननीय अध्यक्षज्यू, म सत्तापक्षको सांसद भए तापनि मैले आज मेरा विषयवस्तुहरू मुलुकमा परिरहेको समस्याको विषयमा र मुलुकमा देखिएका केही समस्याहरूको बारेमा म राख्न गइरहेको छु । र मुलुकमा राजनीतिक परिवर्तनहरू धेरै भए । पटक पटक राजनीतिक परिवर्तनहरू भए । र त्यसै क्रममा यो मुलुकमा ठुलो जनक्रान्ति, सहिदको बलिदान र हाम्रा शीर्षस्थ आदरणीय सबै पार्टीका राजनीतिक दलका नेताहरूको त्याग र हामी, तपाईं हामी सबैको समर्पण र नेपाली जनताको समर्पणबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । आज सङ्घीयता भनेको हामी सबैको मूल एजेन्डा हो ।

संङ्घीयता हामी सबैको प्रमुख एजेन्डा बनिरहेको विषयलाई हामीले कत्तिको पछ्याइरहेका छौँ? सङ्घीयतालाई हामी कत्ति सशक्त र बलियो बनाउँदै छौँ? हामीले सङ्घीयताको नाम जपे पनि आज हाम्रो जुन मनस्थिति हो, जुन हाम्रा स्वभाव र शैली हुन्, यिनै स्वभाव र शैली हाम्रा कत्तिका परिवर्तन भएका छन्? हाम्रो चिन्तन कत्तिको परिवर्तन

भएको छ? र हामीले सङ्घीयतालाई बलियो बनाउनको लागि केन्द्रले प्रदेशलाई कत्तिको अधिकारहरू, ऐन, कानुनहरू हामीले त्यहाँ निक्षेपण गरेका छौं, परिवर्तन गरदिएका छौं । र प्रदेशले कत्तिको स्थानीय निकायलाई अधिकार दिन चाहन्छ? र स्थानीय निकायभित्र पनि गाउँपालिकाले वडालाई कत्तिको दिन चाहन्छ? र यो सवाल चैं मैले यहाँ किन उठाइरहेको छु भने हामी सङ्घीयतामा गए पनि हाम्रो स्वाभाव र शैली, हाम्रो चिन्तन भनेको एकात्मकतिर नै हामी बढी केन्द्रित छौं कि भन्ने मलाई लागेको छ । त्यसो भ'को हुनाले हामीले सङ्घीय आज त्यसैको, आज एउटा पक्ष जुन सङ्घीयतालाई विफल बनाउन चाहन्छ, एउटा शक्ति आज सङ्घीयताको उपहास, आज साना साना झिना मसिना विषयवस्तुहरूलाई पनि आज सङ्घीयतासँग जोडेर सङ्घीयताको बर्खिलापमा आज उनीहरूले यस्ता खालका सङ्घीयताको विरुद्धमा आवाजहरू उठाइरहेका छन् । त्यसो भ'को हुनाले हामीले यसलाई समयमा सोचेर, समयमा विचार गरेर यसलाई हामीले फेरि पनि सुधार्न सकेनौं भने मलाई लाग्छ यो हाम्रो साझा एजेन्डा कतै अलमलमा पर्न सक्छ । र यसले पछि हामीलाई एउटा चिन्ताको विषयबाहेक अरू केही पनि हुने छैन ।

सम्माननीय अध्यक्ष महोदय, मैले खास गरेर यो मुलुक अहिले गम्भीर आर्थिक सङ्कटको दिशातिर गइरहेको मैले अनुभूति गरेको छु । सबै खाले आर्थिक सूचाङ्कहरू निराशाजनक छन् र नकारात्मक छन् । अहिलेको चालु आर्थिक वर्ष २०७८/७९ को ज्येष्ठ महिनासम्मको आयात १७ खर्ब ६३ अर्ब छ भने निर्यात १ खर्ब ८५ अर्ब छ । र यसले के दखाउँछ भने हामी ठुलो बजेट घाटामा छौं । र हामी घाटा व्यापारमा छौं । र १७ खर्ब जुन छ अब त्यसमा १५ खर्ब ७ अर्ब चैं हामी अहिले घाटा व्यापारमा छौं । त्यसैले अब यो मुद्रा सञ्चिती घट्दै छ । मुलुकमा पुँजीगत खर्च लक्ष्यभन्दा ज्यादै न्यून छ । महँगीले आकाश छोएको छ । र आर्थिक असमनता र बेरोजगारी शृङ्खलाबद्ध तरिकाले घट्दै गइरहेको छ । त्यसो भएको हुनाले मुलुकमा हत्या र हिंसा न्यून हुने कुनै, कतैतिर कुनै सङ्केत देखिँदैन दिन प्रतिदिन यिनीहरू वृद्धि भएर गइरहेका छन् ।

हामी कृषि प्रधान देशका जनताहरू, किसानहरू अगि पूर्ववक्ता माननीयज्यूले पनि यो कुरा उठाउनुभो' । सदनमा पटक पटक यिनै कुराहरू उठिरहेका छन् । मल छैन, खाद मल छैन र हामी कृषिको आयातलाई घटाउने कुरा गर्छौं । यो असाध्यै लाजमर्दो कुरा हो । सरकार कानमा तेल हालेर बसेको अनुभूति चैं हामीले गर्‍या छौं, मैले गर्‍या छु । बाढी, पहिरोले अगि माननीयज्यूले पनि यी कुराहरू राख्नुभो' । बाढी, पहिरोले तराईमा डुबान, पहाडमा नदी कटान, बाटोको अस्तव्यस्त यस्ता समस्याहरू आइरहेका

छन् । त्यसो भ'को हुनाले सरकारको ध्यान सम्माननीय अध्यक्षज्यूमार्फत म तत्काल यो केन्द्रित गर्न चाहन्छु । ध्यान यतातिर आकर्षित होस् ।

र मैले अर्को कुरा के राख्न चाहें भने राप्ती राजमार्ग तुलसीपुरदेखि सल्यान हुँदै यो पश्चिमी रुकुमसम्म जाने राप्ती राजमार्ग हो । यसमा पटक पटक बजेटहरू त पर्छ । काम हुँदैन । अब अहिले साना गाडी जान सक्ने स्थिति नै छैन । गाडीको टायरभरि सबै डुब्छ । ठुला ठुला गाडीहरू धन्न धन्न मान्छेहरू मर्ने हो कि बाँच्ने हो भन्ने ठुलो जोखिम मोलेर यात्रा गर्नुपर्छ । त्यसो भा'को हुनाले सरकारको ध्यान यतातिर जाओस् । म यो ध्यान, सरकारको ध्यानकार्षण गर्न चाहन्छु । र सम्माननीय अध्यक्ष महोदय, यो मैले अगि पनि यो कुराहरू राखें । हामी जहिले पनि देश र मुलुकको लागि चिन्ता गर्छौं । जतिखेर सत्तापक्षमा हुन्छौं हामी कानमा तेल हालेर बस्छौं । यही नै स्वर्ग हो, यही नै सबै थोक हो । अब यो नै मेरो लागि सबै यहीं छ । जब हामी प्रतिपक्षमा जान्छौं र हामी सबभन्दा धेरै ठुला राष्ट्रवादी पनि त्यहीं, विकासकर्मी पनि त्यहीं, जनपक्षीय पनि त्यहीं हुन्छौं । यो मैले कसैलाई इङ्गित गरेर भनेको होइन । भोलि सत्तापक्ष प्रतिपक्ष हुन सक्छ, प्रतिपक्ष सत्तापक्ष हुन सक्छ । र त्यसो भ'को हुनाले मैले अगिनै पनि यहाँहरूलाई निवेदन के गरें भने जुन सङ्घीय लोकतान्त्रिक हाम्रो सङ्घीयता हो । जो साझा एजेन्डा हो । त्यो एजेन्डाको बारेमा हामीले बडा गम्भीर भएर सोचौं र हामी एक भएर अगाडि बढौं । म यही कुरा र यही भनाइहरू म यहाँ राख्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय शेखर कुमार सिंह । समय ५ मिनेट । यसपछि माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**ः- सम्माननीय अध्यक्षज्यू, अब हाम्रा सबै साथी माननीयहरू आफ्ना धारणाहरू राखिसक्नुभा' छ । तर म अलिकति फरक मतमा गइराख्या छु । यो मुलुकलाई जहिले पनि कृषि प्रधान मुलुक भनिन्थ्यो र आज पनि भनिन्छ । तर विडम्बना छ यो कृषि प्रदान मुलुकमा किसानले खेती गरिराख्या बेलामा मल छैन । यो कृषि प्रधान मुलुक हो कि के मुलुक हो? एउटा नाम राखदिएको भए सजिलो हुन्थ्यो । हामी पनि त्यही नामले लिन्थ्यौं । पहाडमा करिब करिब खेती सकिनैसक्या छ । मधेशमा पनि अन्तिम अन्तिम चरणमा

खेती पुगिसक्या छ । मल आउने कुनै सुनिश्चितता छैन । अब यो रोस्ट्रमबाट बोल्दाखेरि त मैले भन्न मिल्दैन त्यो कुरो तर अर्को बाटो पनि बन्द छ । जुन एउटा किसानको सुलभ बाटो थियो सरकारले दिन नसक्ने अवस्थामा व्यवहार गरिन्थ्यो । त्यो बाटो पनि बन्द छ । किसान कहाँ जाने? कुनै बेलामा निर्यात गर्या मुलुक धेरै पनि बितिसक्या छैन । २०३३/३४ सालमा नेपाल खाद्य संस्थानले बङ्गलादेशदेखि लगायतका देशमा हाम्रै जिल्लाबाट पनि पठाएकै हो । अब कुन दिन दिने हो? यो सरकारले यो मल कुन दिन दिने हो कम्तीमा त्यो दिन भन्द्या भए धेरै त नभए हामी पनि ५ किलो मल लिन जान्थ्यौं कि!

सभामुख महोदय, निजामती ऐनको बारेमा हामी सदन प्रवेश गर्यादेखि नै हामी भन्दै आएका छौं । हुँदा हुँदा हाम्रो मुलुकमा ३ तहको सरकार भइसक्या छ । निजामती ऐनको अभावमा कतै पनि अस्पष्ट रूपमा सरकार चलिराख्या हामीले अनुभूति गर्न पा' छैनौं । मैले यो पनि बुझ्न सकिराख्या छैन, एकदम न्यूनतम मूल्यमा खट्ने राष्ट्रसेवक साथीहरूले त्यो ५८ वर्षदेखि ६० वर्ष गर्नमा सरकारले किन कन्चुस्याइँ गरिराख्या छ यो पटक पटक मैले यो रोस्ट्रमबाट बोल्दै पनि आ' छु, आग्रह पनि ग्र्दै आ' छु माननीय मन्त्रीज्यूहरूबाट तर खोइ आजसम्म त्यसको कुनै ठोस निकास मैले देख्न सक्या छैन । यसमा सरकारले ध्यान पुर्याओस् । ६० वर्षमा जाने साथीले जो ५८ वर्षमा गइराख्या छ सर्टेन केही रकममा तपाईंले काम गरिदिनुहुन्छ उहाँहरूले एउटा दक्ष कर्मचारीले । हामी अगर थप्या छैन भने उहाँहरूले पनि उच्च मनले, मनोबलले काम राख्न सक्नुभा' छैन । यसको लागि हामीले ध्यान दिनैपर्छ र ध्यान दिंऊ । केही बिग्रिने बाला छैन यसमा ।

साथै आजभोलि हामीले सम्पूर्ण नेपालीले जसलाई पनि आफ्नो छोराछोरी राम्रोसँग पढोस् र एउटा उच्च शिक्षा हासिल गरोस् भनेर चाहना राखिएको बेलामा यो २, ३ दिनदेखि एउटा चर्चामा आ'को विषय छ । सरकारले एमबीबीएसको कोटा घटाइराख्या छ । किन हो? बढाउने बेलामा हामी घटाउने काम किन गरिराख्या छौं? केको लागि गर्या छौं? सम्माननीय अध्यक्ष महोदय, मैले आज भन्नै पर्दा मैले अलिकति समय चाहिन्छ । त्यसकारणले मैले समय मागी हालें । यसमा सरकारको पनि ध्यान जाओस् । यो घटाउने काम चैं सरकारले नगर्दिओस् ।

साथै हाम्रो नागरिकताको सम्बन्धमा हाम्रा धेरै दाजुभाइहरू पहाडदेखि मधेससम्म, तराईसम्म हामी पीडित छौं । तर अस्तिका दिन माननीय गृहमन्त्रीज्यूले १४ ओटा अबेजो खोलदिनुभा' छ । त्यसले केही राहत देला तर नागरिकता ऐन ल्याउनमा सरकारले किन कन्चुस्याइँ गरेको? नागरिकता ऐन ल्याइदिओस् नि । मलाई त लाग्दैन सायद कुनै पनि राजनीतिक पार्टीले यसको विरोध गर्ला । किन हामीले केही आमूल परिवर्तन गर्या छैन । भएकै कानुन राख्न खोजिराख्या छौं । यसलाई पनि ध्यान दिनुपर्छ र यो गरिदिनुपर्छ । नागरिकता जस्तो संवेदनशील कुरोमा संविधानले त्यसलाई मौलिक हकको रूपमा स्वीकारिसक्या छ । त्यसबाट पनि वञ्चित नगराइदिऊँ । मेरो यो पनि माग छ ।

साथै अब बर्खाको याममा छौं हामी । कोशी तिरका मान्छे छौं । प्रतिवर्ष चैं भूक्षय भूकटानबाट हामी बञ्चित रह्या' छैन । यसमा यथाशीघ्र मन्त्रालयले ध्यान दिन्छ नै भन्ने आस गर्दै आफ्नो समय अवधि सक्न लाग्या छ । सम्माननीयज्यू, धन्यवाद समय दिनुभएकोमा । म यसैले धन्यवाद दिँदै जाँदै छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ । समय ६ मिनेट । यसपछि माननीय खिमलाल देवकोटा ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभाको ध्यान, सरकारको पनि अलिकति बाहिर लाँदै छु मैले । विशेष गरेर अहिलेसम्म उठ्दै नउठेको विषय त हामी सबैको मन मनमा भ'को, देखेको तर हामी कहाँ नउठेको विषय छ यो । राज्यले उपेक्षा गरेको तर समुदायले जन्माको छ, हुर्काको छ, पढाएको छ अनि माया गरेको छ । त्यो एउटा सुन्दर चिज यो मुलुकमा छ । त्यो हो नेपालमा उच्च शिक्षामा निरन्तर योगदान गरिरहेको चैं यो सामुदायिक क्याम्पसहरू । सामुदायद्वारा समुदायकै लागि सञ्चालन भएको र समुदायकै योगदान र स्वामित्वमा रहेको उच्च शिक्षा, उच्च शैक्षिक संस्थाहरूलाई अहिले हामीले सामुदायिक क्याम्पसको रूपमा लिइरहेका छौं नेपालमा । देशभरमा यस्तो सामुदायिक क्याम्पसहरू अहिले ५२९ ओटा रहेका छन् । सामुदायिक क्याम्पसहरूको सङ्ख्या नेपालमा भएका अहिलेका सबै क्याम्पसहरूको तुलनामा ३७ प्रतिशत हो यो कुल चैं । विशेष गरेर समुदायका कमजोर

आयस्तर भएका १ लाखभन्दा बढी, १ लाख ३३ हजारभन्दा बढी चैं जनसङ्ख्यालाई यसले कुल उच्च शिक्षाको २९ प्रतिशत विद्यार्थीहरूलाई सहायता पुर्यारहेको छ । शिक्षा सर्वसुलभ मूल्यमा शिक्षाहरू प्रदान गरिरहेको स्थितिहरू छ । विशेष गरेर महिलाहरूलाई, दलितदेखि लिएर विपन्न जनजातिका वर्गका विद्यार्थीहरूलाई यसले विशेष योगदान पुर्याएको छ । र विशेष गरी साना साना सहरहरूमा, बजारमा, गाउँघरमा उच्चस्तरीय, गुणस्तरीय शिक्षाको लागि चैं यसले ठुलो योगदान दिइरहेको कुरा हामी सबैलाई सर्वविदितै पनि छ ।

त्रिभुवन विश्व विद्यालयको, त्रिभुवन विश्व विद्यालय आफैमा एउटा जेठो र अग्रणी शिक्षण संस्था हो नेपालमा । विश्व विद्यालय अनुदान आयोगले यस वर्ष चैं एउटा रिपोर्ट जारी गर्या छ यो १९/२० को चैं । जसलाई हामी ईआईएमस रिपोर्ट पनि भन्छौं । त्यसमा उल्लेख के गर्या छ भन्दाखेरि ६२ ओटा चैं टीयूका आफ्ना आङ्गिक क्याम्पसहरू छन् । त्यसमध्ये उसका २ ओटा प्रतिष्ठानहरू छन् र १०८४ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू चैं छन् उसका । त्यसो त त्रिभुवन विश्व विद्यालयले पनि अहिलेसम्ममा हाल अहिलेको लेटेस्ट डाटा हेर्ने हो भने ३ लाख ५६ हजारभन्दा बढी विद्यार्थीहरूलाई उसले अहिले त्यहाँ अध्ययन गरिरहेका अवस्थाहरू छ । नेपालमा ५२९ ओटा सामुदायिक क्याम्पसहरू छन् अहिले । यसको ठुलो योगदान पनि छ । र ठुलो सङ्ख्यामा त्रिभुवन विश्व विद्यालयले सामुदायिक क्याम्पसहरूलाई सम्बन्धन बेच्छ यसले । सम्बन्धन नवीकरण गरे बापत शुल्कहरू लिने । विद्यार्थीहरूले वर्षैपिच्छे सेवा शुल्क पनि लिन्छ यसले । र अनि यसले खासै तिनीहरूको लागि खासै केही गरेको चैं छैन । वर्षौंदेखि सामुदायिक क्याम्पसहरूको हकहितमा टीयूले चैं खासै योगदान गरेको, नेपाल सरकारले पनि योगदान गरेको हामी पाउँदैनौं । परिस्थितिअनुसार अब यस्तो फरक स्थितिमा यसलाई अलिकति सुधार ल्याऊँ, गुणस्तरीय शिक्षा प्रदान गरौं भनेर त्रिविका पदाधिकारीहरू पनि यस्ता अथवा सामुदायिक क्याम्पसहरूको दुःख, पीडातर्फ कहिल्यै सोचिरहेको, त्यसतर्फ कहिल्यै चिन्तन गरेको पनि हामीले भेटेका छैनौं ।

अहिले विज्ञान र प्रविधिको युग पनि यो युगमा पनि अधिकांश काठमाडौंबाहिरका जिल्लाहरूमा सञ्चालित सामुदायिक क्याम्पसहरूलाई साधारण विषयहरू मानविकीदेखि लिएर अब एजुकेसनका विषयहरू, कमर्सका विषयहरू पढाइ भा'को छ । त्यहाँ चैं विज्ञान र प्रविधियुक्त कम्प्युटरलगायतको इन्जिनियरिङका कुराहरू, मेडिकल कलेजका कुराहरू अनि नर्सिङ विषयहरूमा चैं सञ्चालन गर्नको लागि अहिलेसम्म ती

क्याम्पसहरूलाई टीयूले अनुमति दिएको पनि स्थितिहरू पनि छैन । त्यसको लागि ऊ आफू पनि तयार छैन । तर यस स्थितिमा चैं उच्च शिक्षामा हामी अहिले खास नीति र योजनामा हामी योजनाविहीन छौं । त्यो शिक्षाको विषयमा देश नै अहिले अलमल छ भनेर हामीले यसरी बुझ्न पनि सक्छौं ।

यो मुलुक आज पनि विज्ञान र प्रविधिमा जम्मा १० पर्सेन्ट विद्यार्थीहरूलाई मात्र पढाउँछन् । यो नेपाल उच्च शिक्षामा जम्मा १० पर्सेन्ट विद्यार्थीहरू मात्रैले विज्ञान र प्रविधि विषयमा पढ्छन् । र अरू ९० प्रतिशत विद्यार्थीहरू अगि मैले भन्याजस्तै सामान्य विषयहरूमै अलमल भ'को स्थितिहरू छ । र यो हामी सधैं बोलिरा' छौं तर हामी यस्ता विषयहरूमा सरकार हामी सबैको ध्यान नपुगेकै हामी देखिरा'का छौं । र हामी यसमा बोलेकै पनि छैनौं ।

त्रिविमा मात्र आफ्ना ६२ ओटा उसका आफ्ना आङ्गिक क्याम्पसहरू छ । र यो देशमा उच्च प्राविधिक जनशक्ति उत्पादन गरेर देश विकासमा कायपलट हुन्छ भन्ने कुरा अहिले त्रिविको अस्तवेस्तलाई हेर्यो भने यो सबै दिवा सपना हो कि जस्तो छ । हाम्रो उच्च शिक्षादेखि लिएर सबै कुराहरू अलि डामाडोल जस्तो देखिएको स्थितिहरू छ । र अब सरकारले समुदायको पनि साथ लिनुपर्यो र उनीहरू उच्च शिक्षामा उनीहरूले गरेको योगदान छ । त्यसलाई पनि कदर गर्नुपर्यो । प्राविधिक शिक्षाहरूमा पनि त्यो वित्तीयलाई पनि सरकारले विस्तार गर्न आवश्यक छ अब । यसका लागि हाल प्रदेशभरिमा पनि विश्व विद्यालय खुलिरहेको स्थिति छ ।

यस परिपेक्षमा चैं अब नयाँ अब प्रदेशमा खुलेका विश्व विद्यालयहरूलाई एउटा प्रादेशिक सामुदायिक विश्व विद्यालयको रूपमा त्यसलाई अगाडि बढाउन आवश्यक छ । र ती प्रादेशिक सामुदायिक विश्व विद्यालयका मातहत ती सबै सामुदायिक क्याम्पसहरूलाई राखियोस्, त्यहाँ लगियोस् । तिनीहरूको स्वयत्ततालाई पनि ख्याल गरियोस् । अब समुदायकको लगानीको जगेर्ना गर्दै समुदायकै व्यवस्थामा उच्च शिक्षाको विकास र विस्तार गर्ने कामको जिम्मा नयाँ प्रादेशिक सामुदायिक विश्व विद्यालयहरूलाई त्यहाँ लगाउन सकियो भने त्यो एकदम ठुलो फड्को हुन सक्छ र यसमा हामीले सोच्नुपर्ने, काम गर्नुपर्ने आवश्यकता भइसक्या पनि छ । जनताले अरबौंको लगानी गरेकै छन् । संरचनाहरू बनाएकै छन् । र सामुदायिक क्याम्पसको सबलीकरणको लागि ठुलो योगदान छ । तर सरकारको, सम्बन्धित निकायको चैं यसमा खासै ध्यान पुगेन ।

अब यो भौतिक पूर्वाधारका कुराहरू छ, तालिम जनशक्ति विकासका कुराहरू छ, अनुसन्धान प्रयोगशालाका कुराहरू छ, लाइब्रेरीदेखि लिएर थुप्रै कुराहरूलाई सुदृढ गर्नुपर्ने कुराहरू, छात्रावृत्तिलगायत थुप्रै विषयहरूमा अहिलेसम्म पनि त्यसलाई सोच्न सकिएको छैन । त्यसतर्फ सरकारो ध्यान पुगेको पनि छैन । र विगतदेखि यी सबै तमाम विषयहरूमा सरकार निकै पछाडि बसेको अवस्थाहरू छ । अब यो सरकारले यी विषयहरूमा सोच्ने बेला आइसक्यो । अब नसोच्दाखेरि ढिलो पनि हुन सक्छ । सामुदायसित सरकारले गर्ने साझेदारी सहकारिताको कुराहरू छ यो । राज्यले यसलाई सोच्ने बेला एकदमै आइसक्यो । मैले एकदम सकिहाल्छु सम्माननीय अध्यक्षज्यू ।

सरकारी क्याम्पस लथालिङ देखेकै छन् । सरकारको लगानी बालुवामा पानी हालेजस्तै पनि छ । तर यी निजी क्याम्पसहरू अनियन्त्रित रूपमा चर्को शूल्क लिएकै छन् । यस्तो स्थितिमा यो शिक्षाहरूलाई बिक्री भइरहेको छ । यस्तो स्थितिमा सामुदायिक क्याम्पसहरूलाई प्रावधान गर्न सकियो भने सुल्भ, सर्वसुल्भ मूल्यमा शिक्षा प्रदान गर्न सकिने कुराहरू पनि छ । र अब सामुदायिक क्याम्पसका प्राध्यापक कर्मचारीहरूले आफ्नो सम्मानको कुराहरू पनि गरिरहेको छन् । राज्यले आफ्नो शिक्षा, यसतर्फ पनि राज्यले सोच्न आवश्यक छ । देशको आवश्यकताअनुसारको रोजगारी प्राविधिक जनशक्ति प्रधान गर्ने उच्च शिक्षामा कार्यक्रम सञ्चालन गर्ने अवसर समुदायलाई पनि सरकारले दिन आवश्यक छ । सरकार र शिक्षा मन्त्रालयदेखि लिएर सम्बन्धित सबै सरोकारवालाहरू यसको नीति, एकातिर थिति छ एकातिर बेथिति छ । यो थिति र बेथितिको साक्षी शिक्षा मन्त्रालय पनि छ । र यसको चैं कुलपति छ, माननीय प्रधानमन्त्रीज्यू पनि हुनुहुन्छ । यी सबै कुराहरूलाई ध्यान दिएर यी सबै कुराहरूलाई सम्बोधन गर्न आवश्यक छ । म सरकारको गम्भीर ध्यानलाई आर्कषण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाला देवकोटा । समय ५ मिनेट । यसपछि माननीय भुवन बहादुर सुनार ।

**माननीय खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, कुनै १० जना व्यक्तिलाई नेपालको सबभन्दा सुन्दर र मनमोहक ठाँउ कुने हो भनेर प्रश्न गर्ने हो

भने सायद ८ जनाले पोखरा भन्छन् होला । हाम्रो माननीयज्यूलाई पनि प्रश्न गर्ने बेला सायद तपाईंहरूले पनि त्यही भन्नुहुन्छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखराबाट मोहित नहुने सायदै होला । मनोरञ्जनका लागि नेपाल आउने अधिकांश विदेशी पर्यटकहरूको गन्तव्य थलो पनि पोखरा नै हो । फेवा तालगायत पोखराभित्र र यसको आसपासमा दर्जनौं रमणीय स्थलहरू छन् । फेवा ताल भन्नेबित्तिकै हरेक नेपालीको मन लोभिन्छ । जाऊँ जाऊँ सयर गरौं लाग्छ । फेवा ताल पोखराको पहिचान मात्र होइन नेपालको गौरव हो, शान हो ।

अध्यक्ष महोदय, एक साता अगाडि म पोखरा गएको थिएँ । पोखरा जाँदा कहिलेकाहीं फेवा तालको सिरानोपट्टि रहको पामे बजारसम्म पुग्छु । म जन्मेको पनि त्यहीं पामे बजारनजिकैको साबिक चापाकोट गाबिस हाल पोखरा महानगरपालिका २३, वडा नं. २३ हो । त्यो पामे बजारको मैले २०३८ सालतिर २५ पैसा प्रतिकप चिया पिएको सम्झना ताजै छ । पोखरा आऊ जाऊ गर्न त्यहाँका नागरिकहरू पामे बजारको डुङ्गा घाटबाट डुङ्गा चढ्दथे । एक घण्टामा पोखरा पुग्दथे । झन्डै पेमा बजारसम्म फेवा तालको फैलावट थियो । हर्पन खोला विशाल थियो । डुङ्गामा प्रतियात्रु रु. १ रुपैयाँ लिने गरेका सम्झना अहिले पनि मलाई ताजै छ । २५ पैसाको चिया र रु. १ को डुङ्गा चढाई पैसाको मूल्यको कथा लेख्नेहरूको लागि राम्रो खुराक हुन सक्छ ।

हामी २०४९ सालतिर तराई झर्यौं । बिचका धेरै घटना क्रमहरू ताजा रहेन, सम्झना भएन । यो ४० वर्षको दौरानमा फेवा तालको भूगोलगायत यसको सुन्दरता लुटिएको मैले आवास गरेको छु । विशाल ताल अहिले खुम्चिएको छ । मैले केटाकेटीमा देखेको फेवा तालको आधा भाग अतिक्रमित छ । भूमाफिया र दलालहरूको चङ्गुलमा छ । फेवा तालको पानीको स्रोत मुहान हर्पन खोलामाथिको दमन र हिंसा झन् कहाली लाग्दो छ । ढुङ्गा, गिटी, बालुवालगायतका नाममा यसको निरन्तर दोहन भइरहेको छ । दोहनलगायतका कारणले फेवा ताल निरन्तर पुरिँदै छ । पानीका स्रोतहरू मेटिँदै छन् । तालको मानवीय र प्राकृतिक अतिक्रमणलाई नरोक्ने हो भने अबको ११० वर्षमा यसको अस्तित्व नै समाप्त हुने ताल तथा वातावरण विज्ञहरूको निष्कर्ष छ । तर तालको गरिमा बचाउनभन्दा पनि यसलाई धूमिल पार्न स्वयम् सरकारी संयन्त्रहरू नै सक्रिय रहेको आवास मैले गरेको छु ।

अध्यक्ष महोदय, यसपालि पामे बजार जाँदा मलाई साह्रै पीडा महसुस भयो । विशाल ताल खुम्चिएको त हामी सबैले देखेको अनुभूति गरेकै हो । हामीले केटाकेटीमा डुङ्गा चढ्ने पामे बजारको डुङ्गा घाटको सिमसार क्षेत्रमा अहिले जग्गाको प्लोटिङ भइरहेको रहेछ । फेवा तालमा आएर मिसिने सिमसार क्षेत्रयुक्त त्यो पानीको मुहान थुनिएको छ । डोजर लगाइएको छ । धमाधम प्लोटिङ गरिएको छ । मैले मेरो आफ्नै मोबाइलबाट पनि केही फोटो खिचेको छु । यहाँ मैले अलिकति साङ्केतिक रूपमा भए पनि यहाँ जग्गाको प्लोटिङलगायतकोमा सेक्टरमा अलिकति हाम्रो सहरी विकास मन्त्री पनि हुनुन्छ । अलिकति तपाईंको ध्यान जाओस् । यो जतातत‌ै मैले फेवा तालको कुरा मात्रै होइन । यो साङ्केतिक रुपमा भन्न खोजेको । मुलुकभरि जतातत‌ै जग्गा प्लोटिङ गराउनमा यो सहरी विकास मन्त्रालयको नि भूमिका छ । यसमा अलिकति मन्त्रीको ध्यान जाओस् ।

अब यो तालको पानीको स्रोत यस सिमसार क्षेत्रमा धमाधम प्लोटिङ हुँदा नेपाल सरकार, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिका किन मुक दर्शक छन्? यसको संरक्षणमा नेपाल सरकारलगायतका सरोकारवालाहरूले गम्भीर रूपमा ध्यान दिनुपर्छ कि पर्दैन? रगत पसिनाले कमाएको कसैको जग्गा ताल सिमानामा परेको प्रमाणित छ भने राज्यले क्षतिपूर्ति दिएर ताललाई जोगाउनु पर्दैन? तालको गरिमा र इतिहास जोगाउँदै यसलाई फैलन दिने हो कि खुम्चाउनमा सहयोग गर्ने हो? यो मेरो मात्रै होइन आम नेपालीको प्रश्न हो । साबिक ताल हिँडेको कयौं स्थानमा अहिले सिमेन्टका, रडका, कङक्रिटङ्कका घरहरू बनेका छन् । तालको सुन्दरतालाई नै अपहरण गरे जस्तो लाग्छ । ताल परिसर कहीं कतै प्लोटिङका डोजर चलेका छन् । डुङ्गा, गिटी, बालुवाका टिपरहरू दौडेका छन् । जग्गाका माफियाहरूले देशभरि जथाभाबी कृषि..... प्लोटिङ गरिरहेका छन् । सरकारी जग्गा कब्जा गरी प्लोटिङ गर्ने बेचविखनसमेत गरेका छन् । (सम्माननीय अध्यक्षज्यू, मैले १ मिनेट समय माग गरैं आज ।) भिरपाखा र कतै कतै खोलानालाको आसपासमा पनि जथाभावी प्लोटिङहरू गरेको हामीले देखेका छौं । तर मुलुकको पहिचानसँग जोडिएको पोखराको मुटु फेवा तालको पानी नै छेकेर प्लोटिङ गरेको मैले चैं पहिलोचोटि देखेको हो ।

म जन्मेको ठाँउ मात्र भएर होइन सिङ्गो मुलुकको पहिचानसँग पनि जोडिएको विषय भएको हुँदा यसलाई मैले आफूलाई अपमानित र हीनताबोध भएको महसुस गरेको छु । फेवा तालको गरिमा बचाउन सरकारी संयन्त्रहरू संवेदनशील भएनन् । यसको

अस्मितामाथि नै चारैतिरबाट लुट भइरहँदा टुलुटुलु हेरेर बसैं । अध्यक्ष महोदय, सरकारलाई रुलिङ गरियोस्, ध्यानाकर्षण गराइयोस् । सरोकारवाला मन्त्रीहरूलाई रोस्ट्रममा उभ्याइयोस् । फेवा तालको संरक्षणलगायतमा सरकारको धारणा मागियोस् । ताल संरक्षणलगायतमा प्रमुख जिम्मेवारी निर्वाह गर्नुपर्ने पोखरा महानगरपालिकाले नै यसको अस्मितामाथि झन् खेलबाड गरेको ताल संरक्षणमा चिन्तित हुनेलगायतहरूको बुझाइ छ ।

पोखरा महानगरपालिकाको २०७८ चैत १६ मा बसेको कार्यपालिकाको बैठकले फेवा तालको मापदण्ड ६५ मिटरबाट घटाएर जम्मा ३५ मिटर कायम गर्ने निर्णय गरेर सीमा रेखाभन्दा बाहिर गएको छ । संविधान र कानुनले दिएको अधिकार दुरुपयोग गरेको छ । काठमाडौंको सिंहदरबारले मात्रै होइन, गाउँका सिंहदरबारले पनि नीतिगत भ्रष्टाचार गर्दा रहेछन् भन्ने बलियो प्रमाण हो यो । पोखरा महानगरपालिकाको नीतिगत भ्रष्टाचारलाई सर्वोच्च अदालतको केही दिनअगाडिको फैसलाले झापड हानेको छ । फेवा तालको मादण्ड साबिक ६५ मिटर नै कायम राख्न अन्तरिम आदेश दिएको छ । म सम्मानित सर्वोच्च अदालतलाई धन्यवाद दिन चाहन्छु । फेवा तालको संरक्षणमा अदालतको फैसला ऐतिहासिक छ, प्रशासनीय छ । (म बिट माग्दै छु सम्माननीय अध्यक्ष महोदय ।) अदालतको फैसालको सम्मानका लागि पनि ६५ मिटरभित्रका अवैध भौतिक संरचनाहरू तुरुन्त भत्काउनको लागि म जोडदारसँग नेपाल सरकारसमक्ष अनुरोध गर्छु ।

यसै गरी जिल्ला विकास समिति कास्कीका पूर्वसभापति पुन्यप्रसाद पौडेलको संयोजकतामा फेवा ताल संरक्षणलगायतका लागि प्रतिवेदन पेस गर्न गठित समितिको २०७८ भदौ २८ को प्रतिवेदन सार्वजनिक गर्नसमेत अनुरोध गर्दछु । फेवा तालको संरक्षणमा यतिले मात्र पुग्दैन यसको मुहान हर्पन (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय थपिएको समय सकिएको छ ।) सकियो अध्यक्ष महोदय, सकियो । बीचमा आयो । हर्पन खोला र यसका आसपासका साबिक चापाकोट, भदौरे गा.वि.स. लगायतका क्षेत्रदेखि नै एकीकृत विकास र वातावरण संरक्षणलगायतका प्याकेजहरू बनाई स्थानीय नागरिकहरूको अग्रसरतामा कार्यान्यवन गर्ने सरोकार निकायहरूमा समेत अनुरोध गर्दछु । हवस् त धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भुवन बहादुर सुनार । समय ६ मिनेट । यसपछि माननीय डा. विमला राई पौडयाल ।

**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, यो धर्ती, यो धर्तीमा जन्मिने मानिसहरू सब समान छन् । र यो धर्ती सबैको बराबरी अधिकार हो । तर किन यो धर्तीमा कोही जमिनपति, भूपति कोही किन सुकुमबासी हुन्छन्? यो कति अन्यायपूर्ण छ यो धर्तीमा । हो अहिले सरकार नेपालमा कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेको छ । र कृषिमा आत्मनिर्भर हुनुपर्छ भन्ने स्पिडका साथ अगाडि बढिरहेको छ । तर स्वयम् कृषि मन्त्री, भूमि व्यवस्था मन्त्रीका योजना हेर्दाखेरिमा यो निकै फरक पाइन्छ । संविधानले, यो संविधानले कृषि र भूमि सुधारसम्बन्धी नीतिमा भूमिमा दोहोरो स्वामित्वको अन्त्य गर्ने । किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार भनेको छ । तर धेरै, अहिले पनि धेरै मोहीहरू मालिक भएर ऊ पीडित छन् । अहिले पनि किसानहरू, जोताहा किसानहरूले त्यो जग्गाको मालिक हुन सकिराखेको छैनन् । हिजोका ती अनुपस्थित जग्गा धनीहरू अहिले अमेरिका, अस्ट्रेलियामा छन् । कुनै न कुनै वर्ष नेपाल आए भने ती जोताहा किसानहरूलाई भूमिबाट चैं ..... लागि ती भएका ती जमिनहरू, ती फाँटहरू बैङ्कमा धरौटी राखी दिन्छन् । यस्तो हालत, यस्तो चौपट मलाई जहाँसम्म लाग्छ देशैभरि छ । त्यसमा पनि म आफैं घुमेकोले गर्दा गोरखा, स्याङ्जा र बाग्लुङमा यस्तो ठुलो समस्या परेको अनुभूति मैले गरेको छु ती छेउमा पुगेपछि । अझ गोरखा जिल्लाको कसेरी फाँट, ठुलो कसेरी फाँट छ ।

हिजो बन्दीपुरका, बन्दीपुरे साहुहरूको त्यो फाँट हो । अहिले पुस्तौं पुस्ता त्यहाँका चैं गरिबहरूले कमाएर खाइरहेका छन् । र ती जग्गा चैं ती गरिबहरूको भ'को छैन । ती अमेरिकामा बस्नेहरूकै छ । अझ ती जोताहाहरूको नाममा मोहियानी हक पनि छैन । कुनै प्रमाणहरू दिँदैन । अब पुस्तौं पुस्ता भयो त्यसैले गर्दा राज्यले यति धेरै उत्प्रेरणाहरू जो हिजोका, अहिलेका किसानहरू जस्तैः- च्याङ्ली, ठुलो च्याङ्ली टायर छ गोरखाको, ठुलो आरखेतमा टारहरू छन्, लुदी खोलाको ठुलो फाँटहरू छन्, त्यहाँ मोहीहरू अहिले पनि जग्गाका मालिक हुन सकेका छैनन् । अहिले बाउपछि छोराको पुस्ताले कमाइरहेको छ । तर त्यो जग्गामाथिको उनीहरूको स्वामित्व छैन । र उनीहरूले गरेका चैं उजुरीहरू, मुद्दाहरू अहिले पनि जिल्लाको मालपोत कार्यालयमा

थन्केका छन् । हामीले प्रयास गयौं ती मुद्धाहरूलाई अगाडि बढाउन खोज्यौं । त्यो मालपोतको मान्छेअनुसार हामीलाई कुनै अधिकार छैन । यता मन्त्रीज्यूहरूले चैं एउटा नियम बनाएर पठाइदिनुपर्यो भन्छन् । मन्त्रालय के गरेको होला? हेर्दाखेरिमा चैं भूमि व्यवस्था मन्त्रालय तर किसानको हितमा केही काम गर्न सकिरहेको छैन ।

त्यस्तै बाँझो जग्गाहरू छन् । अहिले नेपालमा १० लाख हेक्टर जग्गा बाझो छ । जो कृषियोग्य छ र पनि बाँझो छ । त्यसलाई कृषि उत्पादनमा पहिचान ..... देश अवश्य पनि आत्मनिर्भर बन्न सक्थ्यो । योपट्टि राज्को ध्यान गएन । मन्त्रालयको ध्यान गएन र मन्त्रालयको ध्यान जानुपर्छ । र किसानहरूलाई जग्गाको मालिक बनाइनुपर्छ । हाम्रो संविधानले दिएको छ । नियमले दिएको छ । तर कार्यमा भ'को छैन ।

यसका साथै हालैको बाढीले गोरखाको लुदी खोला, त्यस्तै गरेर त्यहाँको भुसुने खोलाहरूले त्यहाँ भैइरहेको पुलहरू लगेकोले गर्दा विद्यार्थी पनि ओल्लो ठाँउबाट पल्लो ठाँउमा पढ्न जान पनि सकिरहेका छैनन् । यो ठुलो समस्या परेकोले गर्दा त्यहाँको जनताको गुनासोअनुसार अब तुरुन्ताका तुरुन्तै पुल बनाउनको लागि राज्यको ध्यान जाओस् भन्दै मेरो यिनै विषयमाथि प्रकाश पार्दै, माग गर्दै मेरो भनाइ यहीं अन्त्य गर्छु । हवस् त अभिवादन ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय डा. विमला राई पौडयाल । समय ५ मिनेट । यसपछि माननीय विना पोखरेल ।

<u>**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**</u>ः- सम्माननीय अध्यक्षज्यू, लोकतन्त्र, राष्ट्रिय अखण्डता र स्वाभिमान फस्टाउन र टिकाउन अनि यो देशको समृद्धि र न्यायोचित समावेशी विकासको लागि इन्स्टिच्युसन विशेष गरी सरकारी र गैरसरकारी सङ्घ, संस्थाहरूको ठुलो भूमिका हुन्छ । यिनीहरूको काम जति प्रभावकारी हुन्छ, यिनीहरू जति बढी बलिया हुन्छन्, जति बढी सुशासित हुन्छन् त्यति नै लोकतन्त्र पनि सुदृढ हुन्छ । विकास पनि समृद्ध हुन्छ । समावेशी पनि हुन्छ । तर अहिले हाम्रो देशमा विगत एक, डेढ वर्षदेखि चैं सबै खालको इन्स्टिच्युसनहरू, सबै खालको सङ्घ, संस्थाहरू कमजोर हुँदै गइरहेका छन् । असाध्यै कमजोर हुँदै गइरहेका छन् । र यो चिन्ताको विषय छ । उदाहरण दिन्छु- न्यायलय, प्रधानन्यायाधीशविरुद्ध महाअभियोगको प्रस्ताव छ

। प्रस्तावमा छलफल हुँदैन । संसद चलिराखेको छ । प्रस्तावमा छलफल हुँदैन । आफूलाई मन पर्नेलाई प्रधानन्यायाधीश बनाएर ल्याइयो । भइरहेका प्रधानन्यायाधीशलाई अभियोग, महाअभियोगको प्रस्ताव ल्याइयो । त्यो प्रस्तावको निर्क्योल गर्नुपर्छ भन्ने संसदलाई पनि लाग्दैन । सरकारलाई पनि लाग्दैन । न्यायालय कति कमजोर होला । त्यही न्यायलय हो जसले भइराखेको ठुलो दलको प्रधानमन्त्रीलाई निकालेर तेस्रो ठुलो दलको नेतालाई प्रधानमन्त्री रातारात बनायो । अहिले त्यही न्यायालय एउटा रेड क्रसलाई बचाउनको लागि सरकारलाई हस्तक्षेप नगर, रेड क्रसजस्तो संस्थालाई हस्तक्षेप नगर भनेर तीनचोटि सर्वोच्चले आदेश दिइसक्यो । तर पनि हाम्रो देशको गृहमन्त्रीले सुन्नु भा'को छैन । अझै पनि हस्तक्षेप गरिरहनुभएको छ । न्यायलयले केही गर्न सक्दैन । न्यायलय योभन्दा कमजोर इतिहासमा कहिल्यै थियो कि थिएन मलाई थाहा छैन ।

व्यवस्थापिका, व्यवस्थापिकाभन्दा पहिला म कार्यपालिकाको कुरा गर्छु । प्रधानमन्त्रीज्यूको ध्यान गठबन्धन र जोड घटाउमा बढी छ । हामी सबैलाई थाहा छ । बालुवाटारमा बैठक बढी बस्छन्, सिंहदरबारमा बस्दैनन् । त्यो हामी सबैलाई थाहा छ । म त्यता धेरै कमेन्ट गर्दिनँ । हामी गठबन्धनमा छौं, बाहिर छौं, जहाँ जहाँ छौं मन्त्रीलाई तिमी ५ महिना मात्रै हो है । ६ महिनापछि अरूलाई पालो पुर्याउनुपर्छ । ६ महिना मात्र बस है भन्छौं । कार्यपालिका कति दरो हुन्छ? सरकार कति स्थायी हुन्छ? अनि काम गर्न आएका मन्त्रीले कुन जागरले, कुन हिम्मतले रूपान्तरणमुखी काम गर्न सक्छन्? यो प्रश्न चिन्ह छ । अर्थ मन्त्रालयमा अनधिकृत मान्छे वसे । यो भएन भनेर प्रतिपक्षीले हल्ला गर्यो । प्रतिपक्षीले दाबी गरेपछि त्यो लैन त फुटेज हेर्यौं भन्यो । सरकारले के भन्छ १३ दिनमा फुटेज डिलिट भयो । कार्यविधिले भन्छ ३ महिना फुटेज राख्नुपर्छ । सरकारले कार्यविधिले मान्नुपर्छ कि पर्दैन? अनि यो सरकार, इन्स्टिच्युसन, कार्यपालिका बलियो हो कि कमजोर हो? यो पनि प्रश्न चिह्न छ ।

हामी व्यवस्थापिका सरकारलाई मनपरेको बेलामा संसद बन्द गर्दिन्छ, अध्यादेश ल्याउँछ । अध्यादेशबाट शासन गर्छ । केही पनि छैन ठिकै छ, चल्दै छ भन्ने लाग्यो भनेदेखि संसद खोलिरहन्छ । संसद खुलिराखेको बेलामा हामी सांसद यहाँ आएर एकले अर्कालाई गाली त गर्छौं नै । त्योभन्दा धेरै चैं हामी आफ्नो आफ्नो पार्टीको पक्षपोषण गर्नको लागि सरकारले राम्रो काम गरेको छ । चिन्ता नगर । हैन सरकारले राम्रो काम गरेको छैन । चिन्ता गर भनेर वादविवाद गरिरहन्छौं । ६ लाखभन्दा बढी

युवाहरू यो देशमा देशविहीन भएर बसेका छन् । नागरिकताको विधेयक पास नभएर । हामी तलब खाएर बसिरहेका छौं । यो देशमा प्रदेश र स्थानीय तहमा एक तिहाइभन्दा बढी कर्मचारी पुगेका छैनन् । काम भएको छैन । कर्मचारीको विधेयक पास नभएर । हामी तलब खाएर बसेका छौं सांसदहरू । हामीलाई अप्ठयारो पनि लाग्दैन । हामी सरकारको विरोध गर्न पनि डराउँछौं । सरकारले राम्रो गरिराखेका छन् भन्छौं । तलब भत्ता नि खाइराख्या छौं । हाम्रो आफ्नो भूमिका के हो प्रश्न चिह्न हामी आफैंलाई कहिल्यै पनि गर्दैनौं । हामी यो व्यवस्थापिका योभन्दा कमजोर कहिले थियौं होला?

मैले अगि नै भने रेड क्रस मरिसक्यो । रेर्ड क्रसलाई बचाउनको लागि सर्वोच्चले ३ चोटि आदेश गर्यो । व्यवस्थापिकाले सर्वोच्चलाई सुताइराखेको छ । अनि कार्यपालिकाले एक्ट गर्दैन । हामी मौन छौं । कार्यपालिका पनि कमजोर छ । व्यवस्थापिका पनि कमजोर छ । न्यायपालिका पनि मरेको छ । रेड क्रसजस्तो संस्था पनि मर्दै छ । हामीलाई चिन्ता लागेको छ कि छैन? मलाई चिन्ता छ इन्स्टिट्युसनहरू कमजोर बन्दै गएकोमा । सम्माननीय अध्यक्षज्यू, सरकारको ध्यान तान्ने जमर्को गर्नासाथ गठबन्धनको साथीहरूले भन्नुहुन्छ चिन्ता गर्नुपर्दैन तपाईंहरूले । हामीले प्रतिगमन सच्चाएर आएको हो । प्रतिगमन के हो? यसको पूर्ण परिभाषा गर्नुपर्ने बेला भएको छ । रेड क्रसलाई मार्नु प्रतिगमन हो? अनि हुँदै खाँदैको काम गरिरहेको प्रधानन्यायाधीशलाई थन्काएर अर्को प्रधान्यायाधीश ल्याउने तर त्यो अब महाअभियोगको कुनै पनि नित्रयोल नगर्ने प्रतिगमन हो कि अनुगमन हो? कि के हो? परिभाषा गर्नुपर्ने छ ।

सांसदको हैसियतामा, नागरिकको हैसियतामा र ट्याक्स पेयरको हैसियतामा (मलाई १ मिनेट हजुर) मलाई चिन्ता छ । मलाई लाग्छ हामी पहिला यो देशको नागरिक हौं । त्यसपछि कुनै पनि दलका, पार्टीका सदस्य हौं । एकपटक हामी नागरिक भएर सोचौं, ट्याक्स पेयर भएर सोचौं अनि हामीलाई यहाँ बस्दाखेरि सेवा सुविधा दिइरहने ती ट्याक्स पेयरहरू जसले खान पाएका छैनन् । मकै बेचेर हिँड्दाखेरि ठेला खोसिएको छ । ती ट्याक्स पेयरलाई सोधौं । हामी केका लागि संसदमा छौं? हाम्रो भूमिकाको बारेमा सोचौं । अनि यो त्यसपछि एकचोटि सोचौं यो सरकारले गरिराखेको काम कारबाहीप्रति हामीलाई चिन्ता लाग्छ कि लाग्दैन? अनि यो हाम्रो चिन्ताको विषय हो कि होइन? धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विना पोखरेल । समय ६ मिनेट । यसपछि माननीय तुलसा कुमारी दाहाल ।

**<u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- केही दिनअगाडि आएको वर्षातको कारण देशमा, देशभरि बाढी, पहिरो तथा कटान र डुबान भई जनजीवन प्रभावित बन्यो । धनको मात्र होइन कतिपय जिल्लामा बाढी, पहिरोबाट जनको पनि क्षति भयो । हामी सबैलाई थाहा छ असार, साउन, भदौ भारी वर्षात हुने महिनाहरू हुन् । असार महिनाको आधाउधिभित्रै देशभर भएको वर्षात र बाढी, पहिरो तथा कटान र डुबानले धेरै क्षति गरिसको' भने बाँकी अढाइ महिनामा कति क्षति होला?

अध्यक्ष महोदय, अगिल्लो हप्तादेखि लगातार हुन थालेको वर्षाले कमजोर पहाडी भूभागहरूमा पहिरो जान थालेको छ भने तराईको ठुलो भाग डुबान र कटानमा परेको छ । अगिल्लो हप्ता पूर्वी तराईका झापा, मोरङ, सुनसरी जिल्लाका मात्रै ८० प्रतिशत पालिकाहरू बाढीको चपेटामा परे । यी तीनै जिल्लाका ५ हजार परिवार डुबानबाट विस्थापित भए भने १५ हजारभन्दा बढी परिवार प्रत्यक्ष प्रभावित भए । मोरङ, मोरङको सुन्दरहरैंचा नगरपालिका वडा नं. ६ का ५५ वर्षीय राम बहादुर विश्वकर्माको बाढीले बगाएर मृत्यु भयो । १ नं. प्रदेशको राजधानी ढल निकासको राम्रो व्यवस्था नहुँदा जलमग्न भयो । र सयौं परिवार विस्थापित भए । ट्याङ्ग्रा खोलाको पानी पसेर इटहरी उपमहानगर पनि जलमग्न भयो । दर्जनौं पालिकाहरूमा खोलामा पानी नअटेर बाढी बाहिर चल्यो र सर्वसाधारण जनताको घर डुबानमा परी बस्न नसकिने अवस्था भयो । सयौं हेक्टरको खेतीयोग्य र खेती लगाइसकेको जमिन कटनमा पर्यो भने हजारौं हजार हेक्टर जमिन डुबानमा पर्यो । पुल पुलेसा, सडक, भवनलगायतका भौतिक संरचनाहरू क्षतिग्रस्त बने । विद्यालयहरू बन्द भए । किसानले पालेका चौपाएहरू बगे । एकातिर बाढीले पुर्याएको क्षतिले कुनै लेखाजोखा गर्न सकिने स्थिति बनेनन् । अर्कोतिर झाडा, पखाला र हैजाको महामारी फैलिने सम्भावना बढ्यो । काठमाडौंको खानेपानी, खानेपानीमा झाडा, पाखला तथा हैजाको जीवानु भेटिएको समाचार पनि आयो ।

अध्यक्ष महोदय, पूर्वी तराईमा, पूर्वी तराई मात्र होइन मेचिदेखि महाकालीसम्मकै तराईको अवस्था उस्तै छ । अरबौं अरबौंको क्षति भइरहेको छ । म देशभर बाढी, पहिरोले पुर्याइएको क्षतिप्रति दुःख प्रकट गर्दछु । बाढी, पहिरोमा परेर मोरङ, मोरङ

पाँचथरलगायत देशका विभिन्न जिल्लामा मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली अर्पन गर्दछु । साथै पीडित एवम् विस्थापित परिवारको उचित व्यवस्थापन र क्षतिपूर्तिमा पनि ध्यान दिन पनि सम्बन्धित पक्षसँग विशेष माग गर्न चाहन्छु ।

अध्यक्ष महोदय, अब म सरकारतर्फ फर्कन चाहन्छु । सरकारलाई थाहा छ हरेक साल मनसुन सक्रिय हुन्छ । पानी पर्छ, भलबाढी आई केही न केही क्षति पुर्याउँछ । हाम्रो जस्तो भूबनोट भएको मुलुकमा यो क्षति निरन्तर जारी रहन्छ । पूरै क्षति हामी रोक्न सक्दैनौं । यो हाम्रो बसको कुरा होइन तर वर्षातका कारण आउने भलबाढीको क्षति न्यूनीकरण गर्ने गरी दीर्घकालीन योजना सरकार किन बनाउँदैन? बनाएका योजनाहरू पनि तदारुकताका साथ सरकार किन कार्यान्वयन गर्दैन? अध्यक्ष महोदय, तराईका नदी, नालाहरूमा तटबन्ध गर्ने भनी वर्षेनी अरबौंको बजेट विनियोजन हुन्छ । तर पनि तटबन्धनको काम कहिल्यै तीव्रतामा किन हुँदैन? बाढी आएपछि मात्र तार जाली बोकेर कुद्ने परामपराको कहिले अन्त्य हुन्छ? एउटा खोलाको तटबन्धन व्यवस्थित गरेर अर्को खोलामा, खोला त्यहीँ स्थानान्तरण गरेर दुवै खोलाले गर्ने क्षति पनि कम हुने हजारौं हजार हेक्टर जमिन उत्पादनको निम्ति प्रयोग गर्न सकिने जस्ता योजना बनाएर सरकार किन कार्यान्वयन गर्दैन? (मलाई थोरै समय पनि दिनुहोला १ मिनेट।)

सहरका सडकहरू स्तर उन्नति गर्दा नै ढलको व्यवस्था किन गरिँदैन? सहरका बीचबाट बग्ने खोला, नालालाई सार्न सकिने सम्भावना हुँदाहुँदै पनि वर्षेनी किन क्षति व्यहोरिन्छ? उदाहरणको लागि इटहरीको ट्याङ्ग्रा खोलालाई सजिलै बुढी खोलामा मिसाउन सकिन्छ । यस्ता ठाँउहरू, धेरै सहरहरू छन् । अध्यक्ष महोदय, (म थोरै छ सकिहाल्छु ।) कि वर्षेपिच्छे आउने विपतमा पनि हाम्रा मुख रसाउँछन्? कि क्षतिपूर्ति र राहतको नाममा धेरै कोही कसैको खल्ती भरिन्छन्? नत्र वर्षेनी गरिने अरबौंको लगानीले किन क्षति कम गर्दैन? म यो विषयमा पनि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । योजना निर्माण गर्दा कार्यान्वयन गर्दा योजनाको दीर्घकालीन महत्त्वलाई ख्याल गर्न पनि अनुरोध गर्दछु । साथै राहतको नाममा एक पोका चाउचाउ, एक के.जी. चिउरा, एउटा त्रिपाल बाडेर प्रचारमा रमाउने कामभन्दा पीडितले आवश्यकता पूर्तिको अनुभूति गर्ने गरी राहत वितरण गर्ने परामपरा बसालियोस् भनी सुझाव पनि दिन चाहन्छु । र उद्धार र राहतमा खटिने सबैलाई धन्यवाद पनि दिन चाहन्छु । हवस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल । समय ७ मिनेट । यसपछि माननीय नारायण दत्त मिश्र ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आजको विशेष समयमा म केही विषय कुरा राख्न चाहन्छु । जनजीविका, देशको सार्वभौमिक्त्ता, राष्ट्रिय अखण्डता, स्वतन्त्रता र परराष्ट्र नीति सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विषयमा हामी सधैं प्रतिबद्ध छौं । सत्तामा बस्दा एउटा कुरा र सत्ताबाहिर हुँदा अर्का कुरा गरिरहेका छैनौं । हामीले प्रतिपक्षको भूमिका निर्वाह गरिरहेका छौं । र सरकारलाई रचनात्मक र आलोचनात्मक सुझावहरू दिइरहेका छौं । गठबन्धको सरकार आफ्नै भूमिकाबाट तहसित छ, कमजोर छ । यसमा हामीलाई भन्नु केही छैन ।

गठबन्धको सरकारले २०७९ ज्येष्ठ १४ गते राती कर निर्धारणको प्रक्रियामा अनधिकृत व्यक्तिलाई सहभागी गराउनुभयो । त्यो सीसीटीभीको फुटेज सदनमा देखाइयोस् । संसदीय छानबिन समिति बनाइयोस् भनेर माग गरियो । अहिले १३ दिनपछि त्यो फुटेज चैं हेर्न मिल्दैन भनेर जुन बहाना बनाईंदै छ । ३ महिना राख्नुपर्ने नियम छ । र अर्थमन्त्रीले संसदको अपमान गर्नुभएको छ । संसदलाई ढाँट्नुभएको छ । यसरी झुक्याउन मिल्छ? गठबन्धनको नाममा जे पनि गर्न पाइँदैन सरकार ।

निकै लामो बहस र छलफल दबाबपश्चात् सरकारले एसएसपी हस्ताक्षर नगर्ने भनेको थियो । तर पत्र पठाउन चैं सकेको छैन । यो सरकारले कतै नेपालको स्वतन्त्र पराष्ट्र नीतिलाई खलबलाउन त खोजिरहेको छैन? अहिले फेरि सम्माननीय प्रधानमन्त्री अमेरिका जाने हल्ला पनि सुनिँदै छ । बाहिर आउँदै छ । फेरि नेपाली जनातालाई झुक्याउने कुनै खेल त भइरहेको छैन? आशङ्का उब्जिएको छ सरकार । गृहमन्त्रीले यहीं सम्मानित सदनमा आएर हामीले पत्र पठाइसकेका छौं भन्ने कुरा गर्नुभयो । हिजो परराष्ट्र मन्त्रालयका प्रवात्त्का सेवा लम्सालले पत्रकार सम्मेलनमार्फत पत्र नपठाएको जानकारी गराउनुभएको छ । यो द्विविधामा किन पारिएको छ सरकार ।

अध्यक्ष महोदय, जलवायु परिवर्तनले हाम्रो देशलाई निकै ठुलो असर पार्दै गइरहेको छ । वातावरण र पर्यावरणमा ठुलो असर पारिरहेको छ । वर्षे मनसुन सुरु भएता १६ जनाको निधन भइसकेको छ । २ जना बेपत्ता छन् । १९ जना घाइते

भएका छन् । विपद् व्यवस्थापन प्राधिकरणले २ लाख मानिसहरू प्रभावित हुने सम्भावना औंल्याएको छ । विपद् व्यवस्थापनका लागि सरकारको तयारी के भइरहेको छ? पूर्वपश्चिम महेन्द्र राजमार्ग जुन नामाकरण गरिएको छ । विभिन्न ठाँउमा पुलहरू भत्किएका छन् । र त्यही नदीको बाटो चैं गाडीहरू बढी चलनुपर्ने अवस्था छ र झन् ठुलो क्षति हुने सम्भावना छ ।

अध्यक्ष महोदय, तराई, मधेसमा वर्षाको समयमा सर्प दंशको पनि समस्या उत्तिकै हुन्छ । सर्प दंशका बिरामीहरू केही सरकारी अस्पताल र केही आर्मी क्याम्पहरूमा उपचार हुँदै आएको छ । सर्लाही जिल्लाको नवलपुरमा, सिराहा जिल्लाको बन्दीपुरमा, महोत्तरी जिल्लाको गौरीवासमा, आर्मी क्याम्पहरूमा सर्प दंशका बिरामीहरूको उपचार गरिन्छ । मैले यहाँ उठाउन खोजेको कुरा के हो भने महत्तरी जिल्लाको गौरीवासमा रहेको सर्प दंशको उपचार गर्ने आर्मी क्याम्पमा बिरामीहरू बस्नका लागि साँघुरो र असुविधा रहेको छ । भौतिक संरचनाको आवश्यकता छ । भौतिक संरचनाको निर्माण गर्नको लागि पहल गरियोस् भन्न चाहन्छु ।

सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा हिजो एक जम्बो टोली काठमाडौं मधेस द्रुत मार्ग फास्ट ट्र्याक निजगढको विमानस्थलको अनुगमनका लागि जानुभएको देखियो । निजगढको विमानस्थाल फास्ट ट्र्याक एक अर्कासँग अन्तरसम्बन्धित छन् । यसको डीपीआर बनाउँदा नै राष्ट्रिय महत्त्वको गेम चेन्जरको आयोजना भनिएको छ । अब के हुन्छ? यो आयोजना समयमा पूरा हुन्छ कि हुँदैन? कहिलेसम्म पूरा हुने हो? विमानस्थल निर्माणका लागि ११० बिघा जम्मा जग्गाको आवश्यकता छ । अहिले ७६ बिघा जमिन चैं अतिक्रमण भइसकेको छ । विमानस्थाल निर्माणका लागि नेपाल सरकारले ३ अरबजति रकम खर्च पनि गरिसकेको छ । विमानस्थल अब कहाँ बन्छ? अन्तै कतै लैजाने हो कि त्यहीं बन्दै छ? म यो प्रश्न राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, एउटा अर्को विषय उठाउन चाहन्छु । स्वास्थ्य बिमा कार्यक्रम कतिपय निर्धारण गरेका अस्पतालहरूमा सर्वसाधारण जनतालाई कठोर सजाय भएको छ । भन्नका लागि स्वास्थ्य बिमा छ भनिएको छ । औषधी उपलब्ध छैन । नागरिकहरू उपचारको लागि घण्टौं लाइनमा बस्छन् । अस्पतालमा तारिक धाउनुपर्ने अवस्था छ । माननीय स्वास्थ्य मन्त्रीलाई म अनुरोध गर्न चाहन्छु एकचोटि ती

तोकिएका अस्पताहरूको अनुगमन गर्नुहोस् । जनताले कति दुःख पाइरहेको छन् भन्ने कुरा आफ्नै आँखाले देख्नुहुने छ र योजना बनाउन सजिलो होला भन्ने मलाई लागेको छ ।

राष्ट्रप्रति शैक्षिक सुधार कार्यक्रम परिमार्जन गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने गरी सामुदायिक, माध्यमिक विद्यालयमा ८ कक्षासम्मको दिवा खाजाको कार्यक्रम सञ्चालन गर्ने भने पनि बजेट विनियोजन ६ कक्षाको लागि मात्रै भयो । प्रतिविद्यार्थी १५ रुपैयाँको दरले छुट्याइएको खाजा स्थानीय तहसँग सहकार्य नगर्दा पौस्टिक खाजा खान सकेका छैनन् भने कतिपय विद्यालयहरूले १५ रुपैयाँमा जे जुर्छ त्यही खुवाउँदा बच्चाहरू झन् कुपोषित भइरहेका छन् ।

प्रदेश र स्थानीय तहको सहकार्यमा सामुदायिक माध्यमिक विद्यालयमा स्वास्थ्य परिचालिकाको तलब कसले व्यवस्था गर्ने? भन्ने विषय अन्योलता छ । अगिल्लो सरकारले आरम्भ गरेको विद्यालयमा कार्यरत कर्मचारी बाल विकास केन्द्रका शिक्षकहरूलाई न्यूनतम परिश्रमिक उपलब्ध गराउने विषयमा सङ्घले दिएको मात्र रकम कतिपय स्थानीय तहले उपलब्ध गराएर, उहाँहरूले थपेर दिने काम गर्नुभएन । विद्यालयको शैक्षिक सत्र आरम्भ भएको ३ महिना भइसक्यो अहिलेसम्म ७ कक्षा, ८ कक्षा र ९ कक्षाको पुस्तकहरू मधेस, प्रदेशमा पुगेका छैनन् । अरू ठाँउको मलाई सबैको जानकारी हुन सकेन । सायद सहरी क्षेत्रमा पुगेको हुन सक्छ । तर मधेस, प्रदेशका विद्यालयहरूमा पुग्न सकिरहेको छैन । हामी बोलिरहेका छौं, सरकार सुनिरहेको छ । जवाफ दिन चाहँदैन । सत्तापक्षका माननीयहरूले पनि सरकारको रबैयाप्रति दुःखी हुनुन्छ र अभिव्यक्ति दिरहनुभएको छ । मलाई लाग्छ माननीयले माननीयको जवाफ नदिऊँ । सरकारलाई दिन दिऊँ भन्ने अनुरोध गर्न चाहन्छु ।

महिला हिंसा र अपराधका घटनाहरू पनि नभएको कुनै दिन छैन । दिनदिनै यो घटनाहरू चैं अत्याधिक रूपमा घटिरहेका छन् । सिन्धुली गोलन्चर गाउँपालिका दुई निवासी राधिका कार्कीले धनुषा महेन्द्रनगर निवासी अशोक शाहसँग ९ महिनाअगाडि प्रेम विवाह भएको थियो । (अध्यक्ष महोदय, १ मिनेट समय थपिदिनुहोला । पहिलोचोटि माग्दै छु ।) अशोक शाहले राधिकालाई करेन्ट लगाउँछन् । हात, खुट्टा र पेट जलाएका छन् । अहिले उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ ।

राधिकाको उपचारको लागि सहयोग गर्न र फरार अभियुक्त अशोकलाई कानुनी दायरामा लगेर कारबाही गर्नको निम्ति म माग गर्दछु ।

दार्चुला जिल्लाको सैन्य शिखर नगरपालिका वडा नं. ९ निवासी अनिवा कडायर देवर नाता पर्ने भोजराज कडायरले ज्येष्ठ २५ गते बलत्कारको प्रतिकार गर्न खोज्दा घर नजिकको २५ मिटर परको मकै बारीमा लगेर हत्या गरेका छन् । अनिवा एकल महिला हुन् । उनका २ जना बालकहरू टुहुरा भएका छन् । भोजराज कडायरलाई कडा कानुनी दायरामा ल्याएर बालिकाहरूको, बालकहरूको सुरक्षाको निम्ति पहल गर्नको निम्ति अनुरोध गर्दछु । राजधानीको मुटुमा दोहोरी लोक गायिका दिलमाया सुनुवारको असार ११ गते शनिवार नेपालटारको आफ्नै डेरामा मृत अवस्थामा भेटिन्छन् । यो रहस्यमय घटना रहेको छ ।

र अध्यक्ष महोदय, म धेरै समय लिन चाहन्नँ । अन्तमा एउटा कुरा म जोड दिन चाहन्छु । यो वर्तमान गठबन्धन सरकारको चाँडै बहिर्गमन गरौं । तपाईंहरूलाई सरकार चलाउन निकै गाह्रो भएको छ । जनतालाई राहत दिने कुनै काम गर्नुभएको छैन । जनता दिनदिनै आहत भएका छन् । महँगी दिनदिनै बढेको छ । यो सरकारले राम्रो गर्‍यो भने कुनै कुरा देखिएको छैन । त्यसैले बहिर्गमनको लागि चाँडै सरकार कदम चालोस् भन्ने कुरो भन्न चाहन्छु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय नारायण दत्त मिश्र । समय ३ मिनेट ।

**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, राजविराजबाट अवधेशकुमार झाले कान्तिपुरमा लेखे । पूर्वाधार विकास कोष र प्रदेश मन्त्रालयबाट बजेट दिलाएबापत सासंदसहित ६ जनालाई सुनको औंठी उपहार । प्रदेश सासंद मनिषकुमार सुमन, नेत्रविक्रम शाह, आयोजकै संस्थाको अध्यक्ष दुर्गाप्रसाद शाह । संस्थापक अध्यक्ष रामचन्द्र शाह । तेलि कल्याण समाजका केन्द्रीय अध्यक्ष शैलेन्द्रकुमार शाह, पूर्वसांसद जगदीश शाह । सबै सुनको मूल्य २ लाख ५० हजार रुपैयाँ । बजेट व्यवस्थापन भएको १ करोड २५ लाख । दुई प्रतिशतको सुन । आज सुनको ५ तोलाको साढे ५ आनाको औंठी भयो । हामीले यसलाई कसैले अहिलेसम्म भ्रष्टाचार भनेको छैन । भोलि १ किलो उपहार, २ किलो उपहार दियो भने के हुन्छ? यिनले त

१ करोड २५ लाखको मात्र बजेट व्यवस्थापन गरे । अर्थ मन्त्रीले त यत्रो अरबौंको बजेट व्यवस्थापन गर्छन् । मन्त्रीहरू कत्ति बजेट व्यवस्थापन गर्छन् । अझ सांसदहरूले ताली नपिट्ने हो भने त बजेट नै पास हुँदैन । त्यसकारणले यिनीहरूकहाँ पनि यसरी नै सुन पुग्न थाल्यो भने कहीँ हिजो फुलको मालाको कम्पिटिसनमा १ किलोको, २ किलोको, २० किलोको, ५० किलोको माला लागाए जस्तै कहीँ सुन पनि त्यसरी वितरण हुन थाल्यो भने बुढी मरी भन्ने कुराभन्दा पनि काल पल्किएको चिन्ता हुने छ । त्यसकारणले सम्बन्धित निकायको ध्यान जाओस् भनेर म अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, (बत्ती बल्यो कि के हो?) मैले पहिलादेखि उठाउँदै मलको कुरा, मल कारखाना खोलौं । मल कारखाना खोलौं । मल कारखाना नखोलीकन चाइनाको बोर्डरमा कहिलेदेखिको मल अहिलेसम्म थनकिएको छ । भारतबाट आउने मलमा र एउटा कुरा नभनी रहँदैन अब अरू कुरा यस्तै छोडेर पनि । मन्त्रीहरूले झुटो आस्वासन दियो भने कुनै न कुनै किसिमको कारबाही गर्ने एउटा ऐन बनाऊँ । मन्त्रीले भन्या असार मसान्तसम्म मल आउँछ । खोइ त? मैले त यसपाला अलिकति आफ्नो जग्गा पर्ती राख्या छु । यो मल पाइने होइन भनिकन । होइन भने मान्छेहरू, बिउ राख्या मान्छेहरू उनीहरू मल आउँदैन । यहाँ आयातलाई प्रतिस्थापन गर्ने कुरा कसरी हुन्छ? खाद्यन्नमा आत्मनिर्भर हुने कुरा कसरी हुन्छ मलबिना? (**सम्माननीय अध्यक्ष**:- माननीयज्यू समय सकियो, समय सकियो, समय सकियो माननीयज्यू ।) धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्हरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म स्वस्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय स्वस्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक,

२०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ पेस गर्दछु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, अब म "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०७९ असार २३ गते बिहीवार ११ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ असार २३ गते बिहीवार दिनको ११ बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:३९ बजे ।**